लेखापरीक्षण प्रतिवेदन

नेपालगञ्ज उप महानगरपालिका

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

नेपालगञ्ज उप महानगरपालिका

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/694

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
नेपालगंज उप महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बाँके।

कैफियतसहितको राय

हामीले यस उप महानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. उप महानगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा भत्ता वितरण रु.४३ करोड १० लाख १८ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.१ करोड ३९ लाख ९५ हजार, पर्यटन पूर्वाधार विकास आयोजना रु. १४ लाख ९८ हजार, गरिब संग विश्वेश्वर कार्यक्रम रु.४ लाख १५ हजार, र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु.१२ लाख ५० हजार समेत गरी रु.४४ करोड ८१ लाख ७६ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन।

२. उप महानगरपालिकाको रु.३ अर्व ८१ करोड ९२ लाख ७५ हजारको लेखापरीक्षण गरिएकोमा रू.९ करोड ९१ लाख ३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१ करोड १८ लाख ५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२ करोड १६ लाख ८१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ८६ लाख ९५ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ४९ लाख ९६ हजार र पेस्की बाँकी रु.१९ लाख २६ हजार रहेको छ। गत वर्षसम्म सम्परीक्षण पश्चात रु.९६ करोड ३० लाख ७५ हजार बेरुजू बाँकी रहेकोमा

हालसम्मको अद्यावधिक बेरुजू रु.१ अर्ब ५ करोड ३ लाख ७३ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. उप महानगरपालिकाले आफु मातहत रहेको स्थिर सम्पत्तिको खुलासा गरेको छैन।सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेका कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नेपालगञ्ज उप महानगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी उप महानगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, उप महानगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

(रु.हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेश्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४४	१६६	९९१०३	०	४६	११८०५	०	४४	१२०	८७२९८	२१६८१	३४९९६	२८६९५	०	०	६३६९१	१९२६

अद्यावधिक बेरुजू स्थिति

(रु.हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बाँके	९६९८०४	०	६७२९	९६३०७५	०	८७२९८	१०५०३७३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७७/७८	१३.२	वडा न ६ पुजिगत	९,२१२
२	२०७७/७८	२१	वडा न ५	३,५००
३	२०७७/७८	३७	वडा नं.४	९,३५६
४	२०७७/७८	२२	वडा न २ पुजिगत	३,६६,१००
५	२०७७/७८	३९	वडा नं.२३	९८५
६	२०७७/७८	१९	वडा न २२	५५,९००
७	२०७७/७८	२४	वडा न २१ तर्फ	१२,०००
८	२०७७/७८	२३	वडा न २० तर्फ	१२,९७३
९	२०७७/७८	५४	वडा न. १९	४,८१,७९५
१०	२०७७/७८	३३	वडा नं.१७	२४,८२०
११	२०७७/७८	६३	वडा नं. १६	११,३९५
१२	२०७७/७८	१७	वडा नं. १५ तर्फ	११,८२०
१३	२०७७/७८	३०	वडा न १३	८,८५०
१४	२०७७/७८	६२	वडा नं.१२	१०,५००
१५	२०७७/७८	२०	वडा न ११	१३,५००
१६	२०७७/७८	विभिन्न	वडा तर्फ	८,५००
१७	२०७७/७८	५६	वडा ६	७,५००
१८	२०७७/७८	६१	वडा ३	४२,०९४
१९	२०७७/७८	५५	वडा २	४१,१३१
२०	२०७७/७८	२८	प्रधानमन्त्रि रोजगार कार्यक्रम र अन्य	९,७०,६३५

२१	२०७७/७८	४९	पालिका चालूतर्फ	६६,७६२
२२	२०७७/७८	२६	उपमहानगरपालिक चालु	७१,०९७
२३	२०७७/७८	विभिन्न	आन्तरिक लेखापरीक्षण वाट देखिएको व्यहोरा वडा तर्फ	१,३१,०३०
२४	२०७७/७८	१८	वडा नं. तर्फ	१९,२५३
२५	२०७७/७८	विभिन्न	शिक्षा	२०,३६,०१४
२६	२०७७/७८	विभिन्न	संचार खर्च	४,५००
२७	२०७७/७८	३६	आन्तरिक लेखापरीक्षण पालिका तर्फ	६,०३,१४४
२८	२०७७/७८	२९	वडा न ९	२०,६५०
२९	२०७७/७८	३८	वडा नं.८	४,११५
३०	२०७८/७९	१७७.९	पालिका तर्फको आलेप बेरुजु	९,६००
३१	२०७८/७९	५०	पारिश्रमिक कर	१३,१९७
३२	२०७८/७९	६९	उपभोक्तालाइ मू अ कर भुक्तानि	४,२९७
३३	२०७८/७९	६१	कट्टा भएको कर दाखिला बाँकी	७,२३,२७९
३४	२०७८/७९	१३१	वडा नं ७ का पदाधिकारीहरुलाइ इन्धन भुक्तानि	१,३४५
३५	२०७८/७९	१३२	वडा नं १२ का पदाधिकारीलाइ इन्धन भुक्तानि	१,७७९
३६	२०७८/७९	१२८	वडा नं १० बालमैत्रि बनाउने कार्यक्रम सम्बन्धमा	४०,९६४
३७	२०७८/७९	१३३	बुद्ध युवा क्लबलाइ पेश्कि सम्बन्धमा	२५,०००
३८	२०७९/८०	१९	झोलुङ्गे पुल निर्माण	२,७४,६८८
३९	२०७९/८०	५७	वढी तलव भत्ता निकाशा	१,८१,००४
४०	२०७९/८०	१८.२	मोतिबिन्दु लगायत आखाँसम्बन्धी शिविर संचालन	३,९३,९३०
४१	२०८०/८१	३९	अवकाश पछि तलब भुक्तानी	२२,०१०
४२	२०८०/८१	२८.२	व्यवसाय कर	६,५०,५००

४३	२०८०/८१	४०	बढि ग्रेड भुक्तानी	१६,५६०
४४	२०८०/८१	४२.४	प्रमाण संलग्न नगरी खर्च	१,४२,७०४
४५	२०८०/८१	५५	पेश्की बाँकी	६२,१८,८५८
४६	२०८०/८१	४३	पाठ्यपुस्तक बिल पेश नभएको	२,१६,२६६
४७	२०८०/८१	३८	पाठ्यपुस्तकको वढी निकासा	१,३४,७५७
४८	२०८०/८१	१६	दायित्व भुक्तानी	३,५६,५१८
४९	२०८०/८१	२९	ठेक्कामा मूल्य अभिवृद्धि कर	३,९८,७०२
५०	२०८०/८१	५७	उपभोक्तालाई मूल्यअभिवृद्धि कर	१७,६०१
५१	२०८०/८१	३०.२	उठ्न वाँकी भाडा	२६,११,३३३
५२	२०८०/८१	६५	आन्तरिक लेखापरिक्षण प्रतिवेदन	६,१९,५५४
५३	२०८०/८१	६३.१	व्यापारीक भवन निर्माण	३,९९,९४०
जम्मा				१,८५,३३,५१६

(८०५५७३०१३०० - नेपालगञ्ज उप महानगरपालिका)

नेपालगञ्ज उप-महानगरपालिका , बाँके

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस उपमहानगरपालिका अन्तर्गत २३ वडा, १२२ नगर सभा सदस्य, ८५.९४ वर्ग किलोमिटर क्षेत्रफल तथा १६४४४० जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।१० देखि २०८१।१०।३० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु. ३ अर्व ८१ करोड ९२ लाख ७५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्षको
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	
प्राप्ती (क+ख)		१९८०४७४२५७.९२	१४४६२११२३१.२८		१४४६२११२३१.२८	१५०५६७५२६२.६८
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		१८५२१९०६६५.४२	१३८६०६००६५.७	०	१३८६०६००६५.७	१४४५५५९५६०.९६
११००० कर	११	४२२७९५५८७	४१३५९८०३२.२२	०	४१३५९८०३२.२२	३९१४४३२२९.१४
१३००० अनुदान		९७७७८९२२०	८३९९८४२५८.७	०	८३९९८४२५८.७	९५८६२६३५१.९७
संघीय सरकार	१२	८८५९१९०००	७७७५२१५७४.९९	०	७७७५२१५७४.९९	८९४८५९८१४.१६
प्रदेश सरकार	१२	८०४५६०००	५३१६०१९०.६१	०	५३१६०१९०.६१	४८३३७२१२.२९
बैदेशिक श्रोत	१२	०	०	०	०	३०१७०००
जनसहभागिता		११४१४२२०	९३०२४९३.१	०	९३०२४९३.१	१२४१२३२५.५२
१४००० अन्य राजस्व		१०३२५००००	११०९२६०२५.५४	०	११०९२६०२५.५४	८९३३३१५६
१५००० विविध प्राप्ति		२०००००	४०९८९९६.६५	०	४०९८९९६.६५	१०९२५९७
३२००० वित्तीय सम्पत्ति		३४८१५५८५८.४२	०	०	०	०
ख. अन्य प्राप्ति		१२८२८३५९२.५	६०१५११६५.५८		६०१५११६५.५८	६०११५७०१.७२
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०
कोषहरु		१२८२८३५९२.५	५२७६१३४४.५	०	५२७६१३४४.५	४७०२७७८१.४
धरौटी		०	७३८९८२१.०८	०	७३८९८२१.०८	१३०८७९२०.३२
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०
भुक्तानी (ग+घ)		१९८०४७४२५७.९२	१५२८२२०९५६.९७		१५२८२२०९५६.९७	१६०७३०६२५५.६४
ग. भुक्तानी (सञ्चित कोषबाट)		१८५२१९०६६५.४२	१४६९२४४५७९.६		१४६९२४४५७९.६	१५२७०१९७५८.५२
२१००० पारिश्रमिक / सुविधा	१८	५५११४७९६८.५६	४९६९०८३७८.०३	०	४९६९०८३७८.०३	२१७६३९५४६.७८
२२००० मालसामान तथा सेवाको उपयोग	१८	५८५६१५४६९.०१	४५५६०१९६०.९१	०	४५५६०१९६०.९१	७९५२७५२४५.११
२५००० सहायता (Subsidy)	१८	२७५३८०००	२५९९७१९९	०	२५९९७१९९	६२६५७३९
२६००० अनुदान	१८	२००००००००	१११३२९५४.४६	०	१११३२९५४.४६	३५०००

२७००० सामाजिक सुरक्षा	१८	१२३२७५९०.५५	९१४०५०२	०	९१४०५०२	१७६६७५७
२८००० अन्य खर्च	१८	३१४८०००	१८१६२६७	०	१८१६२६७	३१६३३२९.६६
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	६१२४१३६३७.३	४३१४४७३१९.३३	०	४३१४४७३१९.३३	४७१५३९९१३.३६
३२००० वित्तीय सम्पत्ति	१८	१९०००००००	१९०००००००	०	१९०००००००	०
३३००० दायित्व	१८	२१००००००	१८१९९९९८.८७	०	१८१९९९९८.८७	३१३३४२२७.६१
घ. अन्य भूक्तानी		१२८२८३५९२.५	५८९७६३७७.३७		५८९७६३७७.३७	१६०७३०६२५५.६४
कोषहरु		१२८२८३५९२.५	५३७०४९२८.४५	०	५३७०४९२८.४५	३७१८४५३६.६२
धरौटी		०	५६२७९६६.९२	०	५६२७९६६.९२	४३१०१९६०.५
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०
कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			-३५६५१८		-३५६५१८	
ङ. यो वर्षको बचत (न्युन)			-८२००९७२५.६९		-८२००९७२५.६९	-१०१६३०९९२.९६
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			४१४५३८३६७.६३		४१४५३८३६७.६३	५१८१६९३६०.५९
वर्षान्तको बाकी रकम (ङ + च)			३३२५२८६४१.९४		३३२५२८६४१.९४	४१६५३८३६७.६३
बैंक तथा नगद बाकी	२४		३१५२२७८८८.८७		३१५२२७८८८.८७	४१५१५३२२२.२२

संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गरिब संग विश्वेश्वर कार्यक्रम	४१५०००	१	गरिब संग विश्वेश्वर कार्यक्रम	४१५०००
२	पर्यटन पूर्वाधार विकास आयोजना	१४९८३३०	२	पर्यटन पूर्वाधार विकास आयोजना	१४९८३३०
३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१३९९४७१४	३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१३९९४७१४
४	राष्ट्रपति महिला सशक्तिकरण परियोजना	१२५०२७४	४	राष्ट्रपति महिला सशक्तिकरण परियोजना	१२५०२७४
५	सामाजिक सुरक्षा तथा संरक्षण	४३१०१८३४८	५	सामाजिक सुरक्षा तथा संरक्षण	४३१०१८३४८
	जम्मा	४४८१७६६६६		जम्मा	४४८१७६६६६

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ४३,१०,१८,३४८, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १,३९,९४,७१४, पर्यटन पूर्वाधार विकास आयोजनाको रु. १४,९८,३३०, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४,१५,००० तथा राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु. १२,५०,२७४ गरी जम्मा रु. ४४,८१,७६,६६६।० एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

त्यस्तै पालिकाको वित्तिय विवरण म ले प फा नं २७० ले पालिकाको वडाहरु समेतको एकिकृत कारोवार समेटेको छैन। उक्त प्रतिवेदनले कारोवार नसमेटेका कारण पालिकावाट म ले प फा नं २७२ प्रमाणित गरी पेश भएको छ । उक्त विवरण अनुसार श्रेस्ता अनुसार वर्षान्तको वाँकी रु.३३,२५,२८,६४१।० देखाएकोमा वैक तथा नगद वाँकी रु ३१,५२,२७,८८८।० रही रु१,७३,००,७५३।० कम मौज्दात देखाएको सम्वन्धमा एकिन गरी पेश भएको छैन । उक्त सम्वन्धमा एकिन गरी पेश हुनुपर्ने तथा वित्तिय प्रतिवेदन म ले प फा नं २७० ले सम्पुर्ण कारोवारको चित्रण हुनुपर्दछ ।

४ सञ्चित कोषमा स्थानान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु संचितकोष वाहेकका निम्नानुसारका विभिन्न खातामा रु. ३,७३,४२,७३४ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

सि.नं.	खाताको नाम	बैंक स्टेटमेण्ट अनुसार २०८१ असार मसान्तको बाँकी
१	चालु खर्च खाता	६५८५६
२	नेपालगँज उप महानगरपालिका,१ नं. वडा कार्यालय, बाँके	१९५२७२३
३	नेपालगँज उप महानगरपालिका,२ नं. वडा कार्यालय, बाँके	१०२२६७१
४	नेपालगँज उप महानगरपालिका,३ नं. वडा कार्यालय, बाँके	१५७९६८०
५	नेपालगँज उप महानगरपालिका,४ नं. वडा कार्यालय, बाँके	१९८६८२५
६	नेपालगँज उप महानगरपालिका,५ नं. वडा कार्यालय, बाँके	३७२५२७
७	नेपालगँज उप महानगरपालिका,६ नं. वडा कार्यालय, बाँके	२१५६६८७
८	नेपालगँज उप महानगरपालिका,७ नं. वडा कार्यालय, बाँके	१४८८६०२
९	नेपालगँज उप महानगरपालिका,८ नं. वडा कार्यालय, बाँके	९९७६६०
१०	नेपालगँज उप महानगरपालिका,९ नं. वडा कार्यालय, बाँके	६५९२१२
११	नेपालगँज उप महानगरपालिका,१० नं. वडा कार्यालय, बाँके	२४२३५८१
१२	नेपालगँज उप महानगरपालिका,११ नं. वडा कार्यालय, बाँके	५३६८२६०
१३	नेपालगँज उप महानगरपालिका,१२ नं. वडा कार्यालय, बाँके	३७८६९३
१४	नेपालगँज उप महानगरपालिका,१३ नं. वडा कार्यालय, बाँके	१७४८५९१
१५	नेपालगँज उप महानगरपालिका,१४ नं. वडा कार्यालय, बाँके	१३२९१२३
१६	नेपालगँज उप महानगरपालिका,१५ नं. वडा कार्यालय, बाँके	४३०२९६
१७	नेपालगँज उप महानगरपालिका,१६ नं. वडा कार्यालय, बाँके	१११३९८०
१८	नेपालगँज उप महानगरपालिका,१७ नं. वडा कार्यालय, बाँके	४०७८५५९
१९	नेपालगँज उप महानगरपालिका,१८ नं. वडा कार्यालय, बाँके	४१८८५
२०	नेपालगँज उप महानगरपालिका,१९ नं. वडा कार्यालय, बाँके	११३४५५५
२१	नेपालगँज उप महानगरपालिका,२० नं. वडा कार्यालय, बाँके	१४८१६२५
२२	नेपालगँज उप महानगरपालिका,२१ नं. वडा कार्यालय, बाँके	७५४१७८
२३	नेपालगँज उप महानगरपालिका,२२ नं. वडा कार्यालय, बाँके	४०६९३२०
२४	नेपालगँज उप महानगरपालिका,२३ नं. वडा कार्यालय, बाँके	७०७६४६
	जम्मा	३७३४२७३४

५ आवधिक योजना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आर्थिक विकास, गरिवी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल दिने स्थानीय जनताको जीवनस्तर उकास्ने, रोजगारी वढाउने, जनसहभागिता जुट्ने लगायतका विषयलाई समावेश गरी आवधिक, वार्षिक, रणनीतिक, विषयगत, मध्यकालिन र दीर्घकालिन योजना वनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले हाल सम्म आफ्नो आवधिक योजना वनाई लागु गरेको छैन । जसले गर्दा सालवसाली

सामान्य योजनाहरु तर्जुमा हुने गरेको तथा वढी वितरणमूखि कार्यक्रमहरु संचालन भएको अवस्था रहेको छ। दीगो विकासको लक्ष्य समेतलाई स्थानीय तहमा आन्तरिकीकरण गरी आवधिक योजना तयार गरी लागु हुनुपर्ने देखिन्छ ।

६ नीति तथा कार्यक्रम

नगरसभामा प्रस्तुत भएको नीति तथा कार्यक्रम वजेटमा समावेश गरी कार्यान्वियन गर्नुपर्दछ । नगरप्रमुखले नगरसभामा २०८०।३।१० मा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम मध्ये पालिकावाट निर्माण हुने भौतिक संरचनाहरु वालमैत्री तथा अपाङ्ग मैत्री वनाउने, जग्गा एकिकरण गरी सामूहिक वस्ती विकास गर्ने, होटल परिसरहरुमा सार्वजनीक शौचालयहरु निर्माण गर्ने, वर्कशप ग्यारेज सरसफाई व्यवस्थापनमा समस्या देखिएकोले अटोभिलेज स्थापना गर्ने कार्यको सुरुवात गर्ने कार्यक्रमहरु वजेटमा समावेश गरी कार्यान्वियन भएका छैनन् ।

त्यस्तै सार्वजनिक सरकारी तथा गुठी जग्गाको खोजी गरी संरक्षण गर्ने, पालिकावाट सम्पादन हुने सेवाहरु अनलाईन मार्फत गर्ने व्यवस्था मिलाउने, सहकारी संस्थाहरुको गरिबी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्धता शत प्रतिशत पुर्याउने, बधशाला देखि भान्सा सम्म स्वच्छ मासु तथा गोठ देखि ओठ सम्म स्वस्थ दुध कार्यक्रम लगाएतका कार्यक्रमहरु वजेटमा समावेश गरी कार्यान्वियन भएका छैनन् । नीति तथा कार्यक्रम वजेटमा समावेश गरी कार्यान्वियन गर्नुपर्दछ ।

७ मध्यमकालीन खर्च संरचना

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहित प्रस्तावित योजनाको उद्देश्य, खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ, योजना कार्यान्वियन हुनसक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत, प्रतिफल र उपलब्धिको प्रक्षेपण, योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्च सँगको तादात्म्यता, गत आर्थिक वर्षमा छुट्याइएको खर्चअनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरणसहित मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको देखिएन । खर्च तथा आय दुवै तर्फ वजेटमा तथा आयमा अस्वभाविक अनुमान गरेको कारण २०७९।८० को दायित्व २०८०।८१ मा परेको छ । त्यस्तै आन्तरिक आय अनुमान धेरै गर्ने तर श्रोतहरुमा राजश्व संकलनमा खासै प्राथमिकता नदिई केन्द्रिय अनुदानमै निर्भर रहने प्रवृत्ति देखियो । ऐनमा व्यवस्था भएबमोजिम वास्तविक आम्दानी खर्चको अनुमान तथा सोको परिचालन हुन सक्ने गरी मध्यमकालीन खर्च संरचना निर्माण तथा सो वमोजिम वजेट व्यवस्थापन गर्नुपर्दछ।

८ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु. १,८३,४०,५७,४४५ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२३ पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।०३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ ।

९ योजना तथा वजेट कार्यान्वियन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन् :

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. ४३,१४,४७,३१९ को खरिद गुरुयोजना बेगर गरेको छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ४ करोड २९ लाख २० हजार मिति २०८०।९।२८ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको

तुलनामा २.३४ प्रतिशत हुन्छ। साथै रकमान्तर गरेको रकम मध्ये ५ योजनामा रु. ७१ लाख खर्च गरेको छैन।

कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१० **योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार वडाको लागि वडागत र पालिकास्तरका कुल १६६ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु. २० लाख माथिका योजना सङ्ख्या**	**रु. ५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु. ५ लाख भन्दा कमका योजना सङ्ख्या**
१.	पालिकास्तरीय	१६६	१९	९९	४८

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासको लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ। कुल खर्चको पुर्वाधार विकासमा २४.५४ तथा आर्थिक विकासमा ३.०९ प्रतिशत मात्र खर्च भएकोले उक्त क्षेत्रमा स्रोत वढाउनुपर्ने देखिन्छ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	७०७५३	४५३४२	३.०९%
२	सामाजिक विकास	७४४७९३	६३२८०१	४३.०७%
३	पूर्वाधार विकास	५३४४२३	३६०५९७	२४.५४%
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	८७४६	५६०१	०.३८%
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	४९३४७३	४२४९००	२८.९२%
		१८५२१८८	१४६९२४१	

१२ **त्रैमासिक खर्च**

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएमा र सोही बमोजिम खर्च व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले कुल खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा १०.६८ र ७.९ प्रतिशत, तेस्रो त्रैमासिकमा १६.४२ तथा चौथो त्रैमासिकमा ६४.९६ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ४८.१५ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ :

(रकम रु हजारमा)

क्र.स	बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	पूँजिगत खर्चतर्फ	४३१४४७	४६०७७	३४२८३	७०८२५	२८०२६०	२०७७५०
कुल खर्चको तुलनामा प्रतिशत			१०.६८	७.९०	१६.४२	६४.९६	४८.१५

यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

१३ प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ। संचालित योजना मध्ये १० योजना कार्यक्रममा शुन्य, ११ मा २५ प्रतिशत तथा १७ कार्यक्रममा ५० प्रतिशतसम्म प्रगति भएको छ । अत: कार्यान्वियन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ ।

शीर्षक	बार्षिक बजेट	खर्च	खर्च(%)
पूंजीगत			
३११११ आवासीय भवन निर्माण/खरिद	१,७५,००,०००.००	१,१५,२७,९४९.००	६५.८७
३१११२ गैर आवासीय भवन निर्माण/खरिद	३,८७,९१,७५७.४०	२,२२,०९,४१९.४०	५७.२५
३११२१ सवारी साधन	७५,४१,८००.२६	६५,२९,६९५.००	८६.५८
३११२२ मेशिनरी तथा औजार	८९,५२,९३३.७१	७४,७७,५७७.७१	८३.५२
३११२३ फर्निचर तथा फिक्चर्स	२०,००,०००.००	६,६४,६६१.००	३३.२२
३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	३२,३०,८४०.००	२५,७१,१७८.००	७९.५८
३११३५ पूँजीगत परामर्श खर्च	६४,६९,८५४.००	१३,६०,६३३.००	२१.०३
३११५१ सडक तथा पूल निर्माण	११,६५,१३,७०३.७७	६,४६,८९,३६७.९८	५५.५२
३११५३ विद्युत संरचना निर्माण	६०,०२,८०८.०२	२९,१९,८९१.५१	४८.६४
३११५५ सिंचाई संरचना निर्माण	१३,९७,६९३.००	१२,८२,०५४.००	९१.७३
३११५६ खानेपानी संरचना निर्माण	२५,५१,३६२.५२	१४,३८,६३८.००	५६.३९
३११५७ वन तथा वातावरण संरक्षण	५,००,०००.००	०	०
३११५८ सरसफाई संरचना निर्माण	१,००,००,०००.००	६१,८१,८०५.८४	६१.८२
३११५९ अन्य सार्वजनिक निर्माण	२३,३९,१९,५१५.६२	१७,२३,५६,०८९.८९	७३.६८
३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण	१०,००,०००.००	७,५६,०९८.००	७५.६१
३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श	१८,००,०००.००	०	०
जम्मा	४५,८१,७२,२६८.३०	३०,१९,६५,०५८.३३	६५.९१

१४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. १८ लाख ९ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. १४ लाख ७३ हजार तथा वडाहरुले रु. ६७ लाख ९४ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाम मात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालयको अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्दृढ बनाउनु पर्ने देखिन्छ ।

१५ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ११ करोड ३३ लाख अबण्डा बजेट व्यवस्था गरी ११२ योजनामा रु. ९ करोड २१ लाख १८ हजार खर्च गरेको छ। अबण्डामा बजेट राखी कार्यपालिकाको निर्णय बाट खर्च गरी सभावाट निर्णय गर्ने गरेको देखिन्छ। तसर्थ बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

क्र.सं.	शिर्षक	रकम	संचालित कार्यक्रम संख्या	खर्च रु हजारमा
१	अन्य समपूरक	७५ लाख	विभिन्न ६ योजनामा विनियोजन	३९९५
२	अन्य भौतिक संरचना निर्माण	१ करोड ५० लाख	विभिन्न ३० योजना	१२६५७
३	विभिन्न योजना निर्माण	१ करोड ५३ लाख	विभिन्न ११ योजना	७८४९
४	विभिन्न स्थानको कालोपत्र कार्य	५० लाख	विभिन्न २ योजना	१६४५
५	खेलकूदका लागि पूर्वाधार निर्माण	३५ लाख	विभिन्न ३ योजना	१५३७
६	विभिन्न धार्मिक संस्था	७५ लाख	विभिन्न योजना	९१३१
७	भौतिक पूर्वाधार	५० लाख	विभिन्न ९ योजना	२९७६
८	नगरपालिकाको निर्णयवाट कार्यान्वयन हुने योजनाहरु	३० लाख	विभिन्न ९ कार्यक्रम	२७२५
९	विभिन्न विद्यालयका लागि भौतिक सुधार	१ करोड ५० लाख	विभिन्न २४ विद्यालय	१३९३८
१०	वडाहरुको मागको आधारमा संचालन हुने योजनाहरु	३ करोड ६५ लाख	विभिन्न १८ योजना	२७७७५
	जम्मा	११ करोड ३३ लाख		९२११८

१६ **दायित्व भुक्तानी**

(….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **३५६,५१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१७ **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ५,०४,४५,१८० भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) मा स्वीकृत दरवन्दिको तलव भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोषाक, खाद्यन्न, औषधि उपचार तथा निवृत्त सुविधा तथा स्वीकृत कार्यक्रममा समावेश भएको व्यक्ति फर्म संस्था संग भएको सम्झौता वमोजिमको रकम वाहेक भुक्तानी बाँकी खर्च लेख्न नमिल्ने उल्लेख छ । पालिकाले निम्नानुसार खर्च गत आर्थिक बर्षको भुक्तानी बाँकी खर्च लेखेको देखिएकोले अनियमित देखिएको रु

विवरण	रकम
विविधः (भुपती चौधरी)	१,७८०.००
सवारी साधन मर्मतः (पशुपती अटो पार्टस)	२,९५०.००
साईकल मर्मतः (बि.बि. साइकल सेन्टर)	३,५००.०२
सवारी साधन मर्मतः (यज्ञलक्ष्मी अटो डिस्ट्रिव्युटर्स)	३,९२५.००
फ्लेक्स ब्यानर प्रिन्टः (लक्ष्मी मिडिया प्रिन्टर्स)	४,०६८.००
सवारी साधन मर्मतः (यज्ञलक्ष्मी अटो डिस्ट्रिव्युटर्स)	४,०८५.००
सूचना प्रकाशनः (सेतोखरी मिडिया प्रा.लि.)	५,०००.००
सूचना प्रकाशनः (लुम्बिनी सहयात्रा नेपाल प्रा.ली.)	५,०००.००
आर्थिक सहायताः	५,०००.००
सवारी साधन मर्मतः (चन्दन राज दास)	५,३५०.००
सवारी साधन मर्मतः (लक्की अटो पार्टस सेन्टर)	६,२००.००
कार्यक्रम खर्चः (प्रविण कुमार राना)	६,४२०.००
कलर प्रिन्टः (आइटि सोलुशन & अफिस सिस्टम सप्लायर्स)	८,०००.००
फर्निचर मर्मतः (प्रिन्सी फर्निसिङ्ग हाउस)	८,४८०.००
सूचना प्रकाशनः (न्यू रक्तिम यात्रा)	१०,०००.००
स्वास्थ्य सम्बन्धि छपाई हात्तीपाइले (हिमालय न्युज हब)	१०,०००.००
सवारी साधन मर्मत खर्चः (लक्की अटो पार्टस सेन्टर)	१०,६००.००
सूचना प्रकाशन खर्चः (कालपृष्ठ दैनिक)	११,०००.००
कार्यक्रम/अनुगमन खर्चः (आशा शाही)	१३,२५०.००
विविधः (घनश्याम बर्मा)	१४,२५०.००
एसि मर्मतः (सिजापति रेफ्रिजेरेटर एण्ड एयर कन्डिश्नर वर्क्स)	१६,१००.००
विविध खर्चः (भ्यू होटेल सिद्धार्थ प्रा.लि.)	१९,११२.१८
दादुरा महामारी सूचना प्रकाशनः (एन.पि.जे. मिडिया प्रा.लि, दिर्घायु हाउस प्रा.लि. र संस्कृति मिडिया नेटवर्क प्रा.लि.)	२०,०००.००
सवारी साधन मर्मतः (सफल मोटर सेन्टर)	२०,२४५.००
सवारी साधन मर्मत खर्चः (सफल मोटर सेन्टर)	२२,६८९.००
गाडी भाडाः (गोपाल गिरी (विन्दाबासैनी ट्रेडर्स का प्रो.)	२८,०००.००
सवारी साधन मर्मत खर्चः (सफल मोटर सेन्टर)	३३,५११.००
सवारी साधन मर्मतः (सफल मोटर सेन्टर)	४४,६९०.००
एसि मर्मतः (एभरेष्ट रेफ्रिजेरेटर एण्ड एयर कन्डिश्नर वर्क्स)	४६,२१७.००
स्वास्थ्य सम्बन्धि छपाईः (डट वर्क्स टेक्नोलोजिज)	५२,५११.१०

सवारी साधन मर्मत खर्चः (माता सफल मोटर पार्टस)	७६,३८९.००
भे १ त ३९३५ टेक्टर मर्मतः (कृष्णा कृषि ट्रेक्टर पाटर्स)	७८,५९९.००
सवारी साधन मर्मतः (अलदुबै अटो वर्क्स)	८९,५५२.००
विधेयक समितिको वैठक भत्ताः (माया शर्मा)	९०,०००.००
मसलन्द कार्यालय सामाग्रीः (रामदुत प्रिन्टर्स)	९८,००४.००
सूचना प्रकाशन खर्चः (पालिका खबर)	९९,९००.००
सूचना प्रकाशन खर्चः (नमस्ते क्रियशन एण्ड एड्भरटाइजिङ्ग प्रा.लि.)	१३३४१०.
सवारी साधन मर्मत खर्चः (माता सफल मोटर पार्टस)	२१९८४९.
अतिरिक्त कामकाज भत्ता	२८७०३६.
नमुमा विद्यालय शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यक्रम: (श्री मंगल प्रसाद माध्यमिक विद्यालय)	८०५६६०.
गत वर्षको भुक्तानी दिन बाँकी (नगरपालिका र वडा नं. १ देखी २३ समेत)	४१६७२८९.
जम्मा	६,५८७,६२१.३०

अनियमित भएको	६५,८७,६२१

१८ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा मेलमिलाप तथा विवाद निरुपणका गत वर्षको वाँकी २५ र यो वर्षको ४२ समेत ६७ मध्ये ३८ फस्र्यौट भई २९ उजुरी वाँकी रहेको देखिन्छ। उजुरीहरु तोकिएको समयभित्र टुङ्गो लगाउनुपर्ने देखिन्छ ।

१९ तलबी प्रतिवेदन

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | कार्यालयले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई विभिन्न कर्मचारीको रु. १३ करोड ३४ लाख ४२ हजार तलव खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२० कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु.२ करोड २१ लाख ८१ हजार खर्च लेखेको छ ।

२०.१ **पालिका करार** - स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा (छैटौ, पाचौ र सहायक चौथो) २५ जना करार नियुक्ति गरी बर्षभरीमा रु. १ करोड ४ लाख ४३ हजार ६०८ भुक्तानी गरेको छ । दरवन्दि वाहेकको पदमा कर्मचारी राखि तलव भत्ता खर्च लेख्ने मिल्ने कानूनी आधार नदेखिएकोले अनियमित देखिएको रु.

अनियमित भएको	१,०४,४३,६०८

२०.२ **वडा ज्यादारी कर्मचारी** - वडाहरुमा कर्मचारी व्यवस्थापनको कार्य पालिकावाट भएकोमा वडा नं. २, ३, ५, ६, १०, १३, १८ र १९ ले ज्यालादारीमा कर्मचारी राखि रु. ६३ लाख २७ हजार ४९२ भुक्तानी भएको छ । दरवन्दि वाहेकको पदमा वडावाट ज्यालादारी कर्मचारी राखि तलव भत्ता खर्च लेख्ने मिल्ने कानूनी आधार नदेखिएकोले अनियमित देखिएको रु.

अनियमित भएको	६३,२७,४९२

२१ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेपनि प्रतिवेदनको कार्यान्वयन गरेको छैन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२२ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. १३ लाख आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

२३ सेवाप्रवाहको स्थिति

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
स्वीकृत घरनक्सा दर्ता पास	८८९	४१८
जन्मदर्ता	३१६०	३१६०
मृत्युदर्ता	९६५	९६५
बसाईसराई दर्ता	८४५	२६५१
विवाह दर्ता	११२४	११२४
सम्बन्धविच्छेद दर्ता	९६	९६
कालोपत्रे सडक निर्माण	२.५ कि.मि.	
कालोपत्रे सडक मर्मत	०.५ किमि	
ग्राभेल सडक निर्माण	५ कि.मि.	
ग्राभेल सडक मर्मत	१ कि.मि.	

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको अभिलेख व्यवस्थित देखिएन । अत: सबै प्रकारका सेवा प्रवाहको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

२४ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणालीमा (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले

उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १११ वटा सहकारी संस्था रहेका छन्। यस सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छन् :

२४.१ पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणको क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२४.२ **सहकारी सञ्चालन** : यस नगरपालिकामा निम्नानुसार १११ सहकारी संस्था रहेकोमा २७ ले मासिक विवरण पेश गरेको तथा २३ को पालिकावाट अनुगमन भएको छ । सो को संञ्चालन अवस्था देहाय अनुसार रहेको विवरण प्राप्त भएको छ ।

सि. नं.	व्यहोरा	सङ्ख्या	मासिक विवरण पेश गर्ने सङ्ख्या	अनुगमन गरेको सङ्ख्या
१	बचत तथा ऋण कारोवार गर्ने सहकारी संस्था	४४	१२	१७
२	बहुउद्देश्यीय सहकारी संस्था	१८	३	४
३	अन्य संस्था	४९	१२	२
	जम्मा	१११	२७	२३

अनुगमन गर्दा खाता किताब दैनिक रुपमा अद्यावधिक नगर्ने, भौचरसँग सम्बन्धित आवश्यक कागजातहरु समेत संलग्न नराख्ने, बचत तथा ऋण करोबार गर्ने सहकारीहरु कार्यक्षेत्र भन्दा बाहिर गई कार्य गर्ने, पर्याप्त धितो र प्रमाणित कागजात बिना नै गैर उत्पादन क्षेत्रमा बढि कर्जा प्रवाह गर्ने तथा नियम विपरित उच्च ब्याजदर कर्जा असुलीमा लिने गरेको साथै निस्क्रिय कर्जा समेत उच्च रहेको अनुगमन प्रतिवेदनमा उल्लेख छ । विमा सहितको क्यास भल्टको व्यवस्था नगरेको, सेयर सदस्य र कर्मचारीहरुको व्यक्तिगत पहिचान विवरण अद्यावधिक गरी नराखेको र प्राय बचत तथा ऋण सहकारीहरुमा आफ्ना कर्मचारीहरुलाई पारिश्रमिकको रुपमा कमिशन दिने गरेको, COPOMIS प्रणालीमा आवद्धता रहे पनि प्रयोग भने न्युन रहेको आदि अनुगमनमा देखिएको व्यहोरा उल्लेख गरेको छ । सहकारी संस्थाहरुले मासिक प्रतिवेदन पेश गर्नुपर्नेमा १११ मध्ये २७ ले मात्र प्रतिवेदन पेश गरेको, नियमित अनुगमन गरी सुधारको लागि निर्देशन दिनुपर्नेमा २३ को मात्र अनुगमन गरेको देखिन्छ। नियमित मासिक प्रतिवेदन गर्ने व्यवस्था गर्ने, साथै सहकारीहरुको सुधारका लागि आवश्यक कार्वाहि हुनुपर्दछ ।

२४.३ **सहकारीवाट वचत हिनामिना** : निम्नानुसारका सहकारी संस्थाहरुले बचतकर्ताको बचत हिनामिना गरेको विवरण प्राप्त भएको छ । वचतकर्ताको वचत हिनामिना हुने कार्यमा नियन्त्रण गर्न नियमित अनुगमन गर्नुपर्ने देखिन्छ ।

सि. नं.	शिकायत प्राप्त भएको सहकारी संस्थाको नाम	प्राप्त भएको उजुरी	भएको कारवाहीको विवरण
१	गृहलक्ष्मी बचत तथा ऋण सहकारीसंस्था लि	२०८०।०६।३०	सन्चालकहरुलाई बोलाइ सचेत गराइएको
२	फ्यूचर बचत तथा ऋण सहकारी संस्था लि	२०८०।०५।२६	सन्चालकहरु सम्पर्कमा नआएको
३	युनिटी बचत तथा ऋण सहकारी संस्था लि	२०८०।०९।२४	सन्चालकहरु सम्पर्कमा नआएको
४	समानता बचत तथा ऋण सहकारी संस्था लि	२०८०।०९।२५	जि प्र का बाँके सँगको सहकार्यमा कार्यदल गठन गरी प्रतिवेदन पश्चात अनुसन्धानको प्रक्रियामा रहेको
५	उद्यमशिलता बचत तथा ऋण सहकारी संस्था लि.	२०८०।१०।१४	संस्थासँग समन्वय गरी बचतकर्ताको बचत फिर्ता गरिएको
६	जन उत्थान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	२०८१।०३।०४	विवाद निरुपण समिति मार्फत एक कार्यदल गरि प्रारम्भिक प्रतिवेदन तयार गरि थप अनुसन्धानका लागि सम्बन्धित निकायमा लेखि पठाउने तयारी

२४.४ **कार्यसम्पादनमा कठिनाई** : सहकारीमा पर्याप्त जनशक्तिको अभाव हुँदा संस्थाको सहकारीबाट प्राप्त प्रतिवेदनको विस्तृत अध्ययन तथा विश्लेषण गर्न नसक्दा उचित समयमा राय, सुझाव दिन नसकिएको, कार्यालय र प्रदेश सहकारी कार्यालय बीचको समन्वय प्रभावकारी नहुँदा स्वीकृति नै नलिई सोझै कार्यक्षेत्र विस्तार गर्ने जस्ता प्रवृत्तिलाई नियन्त्रण गर्न नसकिएको, सहकारी विभागको निर्देशन बमोजिम अनिवार्य रुपमा सहकारी संस्थाहरु COPOMIS प्रणालीमा आबद्ध हुनुपर्ने र सोलाई नियमित प्रयोग गर्नुपर्ने भएकाले अधिकतम कृषि सहकारी संस्थाहरुमा प्राविधिक स्रोतसाधनको अभाव हुँदा प्रभावकारी रुपमा संचालन गर्न नसकिएको आदि रहेका छन् । आवश्यक कानुनको तर्जुमा गरी नियमित अनुगमन गरी सहकारी संस्थाहरुलाई उद्देश्य वमोजिम सञ्चालनमा सहयोग गर्नुपर्दछ ।

२५ **आन्तरिक राजस्व सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :**

-कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको यकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउँछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाव मिलान गरेको छैन।

-आय ठेक्का अभिलेख नै नरहेको को कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली व्याज जरिवान यकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - राजश्व मलेपफा नं १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन ।

- स्थानीय उत्पादन निकासी कर लगाईएको पाईएन।

-वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानीलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ।

-पालिका भित्रका स्थायी लेखा नं लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन।

२६ कर तथा शुल्क असुली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले लक्ष्य वमोजिम असुली हुन सकेको देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

२७ असूली

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छ । राजश्व उठ्ने क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

२०८०।८१				२०७९।८०	
शीर्षक	प्रस्तावित आय	वास्तविक आय	आम्दानी(%)	शीर्षक	वास्तविक आय
अन्तरिक श्रोत				अन्तरिक श्रोत	
११३१३ सम्पती कर	५,००,००,०००.००	५,५६,२६,१५४.४१	१११.२५	११११३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर	६१,१६,२४५.९८
११३१४ भुमिकर/मालपोत	५०,०००.००	६,२८५.००	१२.५७	११३१३ सम्पती कर	४,७२,९३,६९९.९०
११३१७ वहाल कर	३,४०,००,०००.००	४,१७,०१,३४६.३४	१२२.६५	११३१४ भुमिकर/मालपोत	१८,७३,०४९.७५
११४५१ सवारी साधन कर	१०,००,०००.००	१६,०७,०००.००	१६०.६९	११३१७ वहाल कर	३,२१,३७,६१०.६१
११६३२ अखेटोपहारमा लाग्ने कर	१५,००,०००.००	२२,३८,८९२.८७	१४९.२६	११४५१ सवारी साधन कर (साना सवारी)	०
१४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	२,७६,१०,०००.००	१,८३,८४,३२३.८६	६६.५९	११६३२ अखेटोपहारमा लाग्ने कर	०
१४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	१०,००,०००.००	३,३८,१०२.००	३३.८१	१४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१,४२,६२,०३०.१३
१४२१६ निजी धारा वापतको शुल्क	०	१	१००	१४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	५०,०६०.००
१४२१८ विद्युत सेवा शुल्क	५,००,०००.००	९,६२,०९५.८१	१९२.४२	१४२१८ विद्युत सेवा शुल्क	१३,७८,४८०.५६
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	०	८०,२६,९०१.२४	०	१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	५६,४७,८७०.८३
१४२२४ परीक्षा शुल्क	५०,०००.००	४३,५३०.००	८७.०६	१४२२४ परीक्षा शुल्क	१,११,९१०.००
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	०	४,६४,७५३.५५	०	१४२४१ पार्किङ्ग शुल्क	१,२६,००,०००.००
१४२४१ पार्किङ्ग शुल्क	१,२०,००,०००.००	१,२४,५२,९००.००	१०३.७७	१४२४२ नक्सापास दस्तुर	२,०३,४३,४९१.३५
१४२४२ नक्सापास दस्तुर	२,७५,००,०००.००	२,४०,२५,७०५.४८	८७.३७	१४२४३ सिफारिश दस्तुर	१,०४,९०,०४८.२४
१४२४३ सिफारिश दस्तुर	८५,००,०००.००	१,१६,०६,२९०.८२	१३६.५४	१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	१८,८५,८५०.००
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	१०,००,०००.००	१४,५८,७००.००	१४५.८७	१४२४५ नाता प्रमाणित दस्तुर	१,४४,८९०.००
१४२४५ नाता प्रमाणित दस्तुर	२०,०००.००	२८,८७८.००	१४४.३८	१४२४९ अन्य दस्तुर	६८,४६,३८२.६३
१४२४९ अन्य दस्तुर	५०,००,०००.००	३५,७५,९५४.०३	७१.५२	१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	१,३२,२५,१३७.५०
१४२५३ व्यावसाय रजिष्ट्रेशन	१,७५,००,०००.००	१,६९,१८,९८९.५०	९६.६८	१४३११ न्यायिक दण्ड,	४,८३,०४१.००

दस्तुर				जरिवाना र जफत	
१४३११ न्यायिक दण्ड, जरिवाना र जफत	२०,०००.००	०	०	१४३१३ धरौटी सदरस्याहा	०
१४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत	५०,०००.००	८२,९५,७०२.०९	१६५९१.४	१५१११ बेरूजू	१०,९२,५९७.००
१४५२९ अन्य राजस्व	२५,००,०००.००	४०,६५,६६७.७९	१६२.६३	३२१२२ बैंक मौज्दात	४१,२४,३२,३९०.३९
१५१११ बेरूजू	२,००,०००.००	४०,९८,९९६.६५	२०४९.५		
जम्मा	४९००००००।०	२१५९२७१७१	४४.०६	जम्मा	१७६३८२३९५

२८ **व्यवसाय कर**

नेपालगन्ज उप महानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को आर्थिक ऐन को दफा ५ अनुसूची ४ वमोजिम पालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूंजीगत लगानी र आर्थिक कारोवारमा अनुसूची ४ वमोजिमको कर लगाईने उल्लेख छ। ऐनको व्यवस्था वमोजिम पालिकाले यो वर्ष रु.१ करोड ६९ लाख १८ हजार ९८९ असूल गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छन् :

२८.१ पालिकाको ऐनले तोकेको व्यापार व्यवसाय गर्ने व्यवसायीहरुको अभिलेख राखेको छैन। जस अनुसार व्यवसाय कर संकलन प्रभावकारी हुन सकेको छैन। अभिलेख राखि प्राप्त हुनुपर्ने करको वक्यौता कायम गर्नुपर्नेमा गरेको छैन। साथै कर वुझाउन आउने व्यवसायी सँग मात्र पुरानो वक्यौता हिसाव गरी लिने गरेको तर कर नवुझाउने व्यवसायीलाई कर वुझाउन कुनै किसिमको ताकेता, अनुगमन, सूचना गरेको देखिएन। जसवाट कर तिर्नेले तिरीराख्ने र नतिर्नेलाई कुनै कारवाही नगर्ने उचित देखिएन। व्यवसायीहरुको अभिलेख व्यवस्थित गरी कर संकलन कार्य प्रभावकारी वनाउनु पर्दछ।

२८.२ घरेलु तथा साना उद्योग कार्यालयको अभिलेखमा यस उपमहानगर भित्र व्यापार व्यवसाय गरी नविकरण गर्नेको संख्या ३०४३ रहेको छ। तर पालिकामा कर तिर्न आएकाको अभिलेख ६६६ मात्र रहेको छ। कर असुल सम्वन्धमा गत विगतमा कर तिरेका तर पछिल्ला वर्षहरुमा कर नतिरेकाको अभिलेख परीक्षण गर्दा निम्न व्यवसायीले निम्नानुसार कर वुझाएको नदेखिएकोले असूल हुनुपर्ने रु

क्र.सं.	व्यवसायीको नाम, प्रकार	वक्यौता वर्ष	दर	वुझाउन वांकी
८	डि एण्ड जी सप्लायर्स हार्डवेयर	०७६।७७	१००००	५००००
९	जि.एस.अटोमोवाइल्स, गाडी पाटर्स	०७६।७७	१००००	५००००
१०	मनकामना अटोमोवाइल्स, गाडी पार्टस	०७६।७७	१००००	५००००
११	वेष्ट्रन हस्पिटल प्रा.लि., अस्पताल	०७३।७४	६००००	४२००००
	जम्मा			५७००००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **२४०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **२२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **८२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **५५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५,७०,०००

२९ **ठेक्कामा मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मुल्य अभिवृद्धि कर असुल उपर गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका व्यवसायी तथा व्यक्तिवाट सम्झौता वमोजिमको रकममा लागेको मूल्य अभिवृद्धि कर असुल गरेको देखिएन। उक्त रकम असूल गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

क्र.सं.	ठेक्काको विवरण	व्यवसायीको नाम	वुझाउन वांकी मूअकर
१	नेपालगंज बसपार्क सवारी साधन प्रवेश एवम पार्किङ र सो भित्र रहेको सार्वजनिक शौचालय साथै ७ वटा नगर बस संचालन तथा	एण्ड अर्डर्स सप्लायर्स,	४६७६२४१

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१३२,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **८,०८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३९,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१२७,०७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **९१,५५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	४६,७६,२४१

३० **उठ्न वाँकी भाडा**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५९ मा पालिकाले आफनो क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाट बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग वापत वहाल कर लगाउने सक्ने उल्लेख छ । पसल कवल तथा भाडा सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छन् :

३०.१ **सटर भाडामा नलगाएको -** पालिकाको स्वामित्वमा रहेको नेपालगंज उपमहानगरपालिका कार्यालय अगाडी १, बसपार्क वडा नं. ४ मा ३२ तथा गोसाइगाउँमा २ समेत ३५ सटर भाडामा लगाएको देखिएन। कानूनको व्यवस्था वमोजिम उक्त सटरहरु भाडामा लगाउनु पर्ने देखिन्छ ।

३०.२ **असुल हुन वाँकी** - पालिकाबाट विभिन्न सम्पत्ति भाडामा लगाउने सम्झौता अनुसार मासिक भाडा भुक्तानी गर्नुपर्ने तथा नगरेमा जरीवाना सहित असुल गर्नुपर्ने व्यवस्था रहेको छ । सम्झौता वमोजिम निम्न व्यक्ति तथा फर्मले सम्झौता वमोजिमको रकम नवुझाई रु. १ करोड ६४ लाख ८५ हजार ४४९ बक्यौता रहेको छ। उक्त बक्यौता बाँकी सम्झौताको शर्त तथा कानुन अनुसार १० प्रतिशत जरीवाना सहित असुल गर्नुपर्ने रु.

क्र.सं.	ठेक्काको विवरण	व्यवसायीको नाम	वुझाउन वांकी रकम
३	(NSMC/NCB/Rev01/077-078) कान्तिताल ९बोटिङग, माछापालन र पर्यटन	फन बहादुर गुरुङ नेपालगंज	३८३९२५७
४	(2/076/077 राजस्व) नेपालगंज बसपार्क सवारी साधन प्रवेश एवम पार्किङ र सो भित्र रहेको सार्वजनिक शौचालय साथै ७ वटा नगर बस संचालन तथा	शिवशक्ति जनरल एण्ड अर्डस	१००३४८५८
	जम्मा		१,३८,७४,११५

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१,३४१,८७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **११९,४५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१,१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,३८,७४,११५

३०.३ **वक्यौता** - पालिकाबाट प्राप्त विवरण अनुसार विभिन्न पसल कवल वहालमा लगायको सम्झौता अनुसार मासिक भाडा भुक्तानी गर्नुपर्ने तथा नगरेमा जरीवाना सहित असुल गर्नुपर्ने व्यवस्था रहेको छ । सम्झौता वमोजिम निम्न सटरहरुले भाडा नवुझाई रु. १९ लाख ५५ हजार ७२ बक्यौता रहेको छ। उक्त बक्यौता बाँकी सम्झौताको शर्त तथा कानुन अनुसार १० प्रतिशत जरीवाना सहित असुल गर्नुपर्ने रु.

क्र.सं.	सटर भएको स्थान	जम्मा सटर संख्या	भाडामा रहेको सटर	भाडामा रहेको सटरहरुको बार्षिक सम्झौता रकम	आ.ब.२०८०।८१ मा भाडावालाले दाखिला गरेको रकम	उठन बाँकी रकम	खाली रहेको सटर
१	नेपालगंज उपमहानगरपालिका कार्यालय अगाडी	३९	३८	८५१०३६८	७४६२१०२	१०४८२६६	१
२	बसपार्क वडा नं. ४	६६	३४	२७३३३२६.७६	२०५७५२०	६७५८०६.७६	३२
३	सल्याणी वडा नं.४	३१	३१	११३४०००	१०२३०००	१११०००	०
४	मासुमण्डी	१०	१०	१२००००	१०८०००	१२०००	०
५	गोसाइगाउ	१०	८	१७४१२०	६६१२०	१०८०००	२
	जम्मा	१६२	१२७	१२८६२६१४.७६	१०९०७५४२	१९५५०७२.७६	३५

असुल गर्नुपर्ने	१९,५५,०७२.७६

३०.४ **जमानतको म्याद समाप्त** – पालिकाको वसपार्क संचालनको लागि २०७६।७७ मा शिवशक्ति अर्डर एण्ड सप्लायर्स संग वार्षिक रु. १,३७,५०,५५१ तथा प्रत्येक २,२ वर्षमा दश प्रतिशतका दरले वृद्धि गर्ने गरी २०८१ माघ मसान्त सम्मका लागि २०७६।१०।२९ मा सम्झौता भएको थियो। उक्त सम्झौता वमोजिम सेवा प्रदायकले किस्ता नवुझाई वक्यौता रहेको देखिन्छ। कार्यालयले दिएको विवरण अनुसार २०८१ मंसिर मसान्त सम्म जरिवाना रु. १,१७,८७,८०३, मूल्य अभिवृद्धि कर तथा किस्ता वाँकी समेत रु. ३,५४,३२,३८१ वक्यौता रहेको छ। उक्त रकम वुझाउन पटक पटक पत्राचार गरेको तथा वैक जमानत रु. १,०३,६०,००० जफतको लागि २०७९।६।२७ देखि २०८१।८।२७ सम्म चार पटक बैंकलाई पत्राचार गरेकोमा रकम प्राप्त भएको छैन। हाल यस सम्वन्धमा उच्च अदालत तुल्सीपुर नेपालगंज ईजलासमा मुद्दा परेकोले किस्ता असुली तथा वैक जमानत जफत हुन सकेको छैन । साथै नविल वैकको जमानत रु. १,०३,६०,००० को म्याद समेत २०८१।१०।२९ मा समाप्त भएकोमा थप भई पेश भएको छैन । सम्झौता वमोजिमको वक्यौता तथा जरिवाना असुल हुनुपर्ने तथा रकम वुझाउन वाँकी रहेको अवस्थामा जमानत म्याद थप गरी सोको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,०३,६०,०००

३०.५ **वस चालु अवस्थामा नरहेको** – बसपार्क संचालन सम्वन्धमा ठेक्का सम्झौता हुँदा तोकेका केही रुटमा वस संचालनका लागि भे १ ख ३०७७ देखि ३०८३ सम्मका वसहरु हस्तान्तरण गरेकोमा सम्झौताको शर्त १३ अनुसार हस्तान्तरणको वखत जस्तो चालु अवस्थामा थियो सोही अवस्थामा राखी संचालन गर्नुपर्ने तथा सम्झौता समाप्त पछि चालु अवस्थामै हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस सम्वन्धमा दिएको विवरण अनुसार हस्तान्तरण भएका सात बस मध्ये ४ विग्रीएर नचल्ने भई थन्कीएको तथा वाँकी ३ समेत मर्मत गर्नुपर्ने अवस्थामा रहेकोले उक्त मर्मत संम्भार तथा चालु अवस्थामा राख्नका लागि रु. २९,२३,३६६ लाग्ने विवरण पेश भएको छ । सेवा प्रदायकले सम्झौताको पालना गरी वसहरु चालु अवस्थामा राखि संचालन गरेको नदेखिएकोले उक्त वसहरु मर्मत संभार गरी हस्तान्तरणको अवस्थामै पालिकालाई हस्तान्तरण हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२९,२३,३६६

३१ कवाडी कर

आय ठेक्का सम्वन्धि स्वीकृत वोलपत्र सम्वन्धि कागजमा स्वीकृत वोलपत्रदाता तोकेको अवधिमा सम्झौता गर्न नआएमा जमानत रकम जफत गरी कालोसुचीमा राख्ने व्यवस्था रहेको छ। कवाडी कर संकलनका लागि न्यूनतम रु. ६१ लाख रहने गरी १ वर्षका लागि सूचना प्रकाशन भएकोमा पेश भएका २ ओटा फर्महरु जयस्वर्ण भैरव टेडर्स र खुशी विल्डर्सले क्रमशः रु. ७९ लाख र रु. ६७ लाख १० हजार २ कवोल गरी प्रस्ताव पेश गरेकोमा वढी रकम कवोल गर्ने जयस्वर्ण भैरव टेडर्सलाई मूल्याङ्कन गरी सम्झौताको लागि वोलाएकोमा निजले सकार नगरी दोस्रोलाई पत्राचार गरिएकोमा दोस्रोले समेत सकार नगरी सम्झौता हुन सकेको देखिदैन। ठेक्का सकार नगर्ने मध्ये जयस्वर्ण भैरव टेडर्सको धरौटी जफत गरिएको छ भने खुशि विल्डर्सको रु. १ लाख ८० हजार धरौटी समेत जफत गरेको छैन। मिति २०८०।१२।२ गतेको टिप्पणी, आर्थिक प्रशासन शाखावाट धरौटी रकम असुल गरिने र कालो सूचिमा राख्ने निर्णय भएतापनि सो सम्वन्धमा कार्य प्रक्रिया अगाडी वढेको देखिदैन। अत: धरौटी जफत हुनुपर्ने तथा कालोसुचीमा राख्नन लेखी पठाउनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,८०,०००

३२ तरकारी तथा हाटवजार

स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ५९ वमोजिम पालिकाले आफ्नो क्षेत्राधिकार भित्र आफैले निर्माण गरेको वा सार्वजनिक जग्गामा वनेका संरचनाको उपयोग वापत वहाल विटौरी कर लगाउन सक्ने व्यवस्था रहेको छ। त्यस्तै पालिकाको आर्थिक ऐन, २०८० को दफा १० मा समेत उक्त व्यवस्था रहेको छ । रानी तलाउ लगाएतका क्षेत्रहरुमा यस्ता हाटवजार संचालन भए पनि कर संकलन नगरेको तथा अन्य क्षेत्रका समेत हाटवजारहरु वाट कर संकलन गरेको छैन । आफ्नो क्षेत्रभित्रका हाटवजारहरुमा कर संकलन सम्वन्धमा आवश्यक कारवाही गर्नुपर्दछ ।

३३ सामुदायिक वनको आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार रकम दाखिला गरेको देखिएन। कानून वमोजिम सामुदायिक वनको काठ विक्रिको दश प्रतिशत प्राप्त गर्ने सम्वन्धमा आवश्यक कारवाही हुनुपर्ने देखिन्छ ।

३४ वडा राजश्व

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ वमोजिम प्राप्त हुन आएको राजश्व सोही दिन वा भोली पल्ट दाखिला गर्नुपर्ने, नगरेमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाका निम्न वडाहरुवाट असुल भएको नगद राजश्व निम्नानुसार ढिला गरी दाखिला भएको पाईएकोले जरिवाना सहित असुल तथा दाखिला गर्नुपर्ने रु.

वडा नंम्वर	विवरण	ढिला दाखिला अवधि	व्याज रकम
३	श्रावण महिनाको आम्दानी दाखिला वाँकी रु.१०७४९६	८ महिना ढिला दाखिला	७१६७
	भाद्र महिनाको आम्दानी दाखिला वाँकी रु.२३०९१९	७ महिना ढिला दाखिला	१३४७१
	आश्वीन महिनाको आम्दानी दाखिला वाँकी रु.६७८९७	६ महिना ढिला दाखिला	३३९५
	पौष महिनाको आम्दानी दाखिला वाँकी रु.१३३९९८	३ महिना ढिला दाखिला	३३५०
१५	श्रावण महिनाको आम्दानी दाखिला वाँकी रु.९२०९८	६ महिना ढिला दाखिला	४६०५
	आवश्वीन महिनाको आम्दानी दाखिला वाँकी रु.२८४७४	५ महिना ढिला दाखिला	११८६
१६	श्रावण महिनाको आम्दानी दाखिला वाँकी रु.७७१२७	१० महिना ढिला दाखिला	६४२७
	भाद्र महिनाको आम्दानी दाखिला वाँकी रु.३८८०९	९ महिना ढिला दाखिला	२९१०
	आश्वीन महिनाको आम्दानी दाखिला वाँकी रु.१६८२४	८ महिना ढिला दाखिला	११२२
		जम्मा	४३६३३

असुल गर्नुपर्ने	४३,६३३

३५ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ४ वडामा ६ योजना सञ्चालन गरी यस वर्ष ६७ जनालाई औसत ४९ दिनले ३२७५ दिन रोजगारी उपलव्ध गराई रु. २१ लाख ९३ हजार ९०९ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३६ स्मार्ट कृषि

८९।२०८०।५।१८- स्मार्ट कृषि गाउँ कार्यक्रम संञ्चालन कार्यविधि, २०७६ अनुसार स्मार्ट कृषि गाउँ कार्यक्रम संञ्चालन गर्ने सम्वन्धमा भएको सम्झौता अनुसार सम्झौता वमोजिमका क्रियाकलापहरु सम्पन्न गरेपछि सोको सम्पन्न प्रतिवेदन तथा विलभरपाई समेत पेश गर्नुपर्ने गरी सम्झौता भएको देखिन्छ । जयसपुर स्मार्ट कृषि गाउं कार्यान्वयन समिति जयसपुर सँग आर्थिक वर्ष २०७७।७८ देखि आर्थिक वर्ष २०८०।८१ सम्म रु.७१,०७,०१० (आर्थिक वर्ष २०८०।८१ मा रु. २२५००००। मात्र) रकम कृषि कार्यक्रमको लागि

भुक्तानी भएको देखिन्छ । क्रियाकलाप अनुसारको सम्पन्न प्रतिवेदन, प्रगति प्रतिवेदन, खरिद भएका सामाग्रीहरुको विवरण, विल तथा विजकहरु समेत पेश नभएकोले खर्च रकम एकिन हुन सकेन । अत: सम्झौता अनुसार प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२२,५०,०००

३७ शिक्षक दरवन्दि तथा विद्यार्थी

शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । त्यस्तै विद्यालय समायोजन कार्यान्वियन निर्देशिका,२०७० वमोजिम कम विद्यार्थी हुने विद्यालयलाई नजिकको वढी विद्यार्थी भएको विद्यालयमा गाभ्न सकिने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका विद्यालयमा शिक्षक र विद्यार्थी अनुपातमा विद्यालय समायोजन ऐन वमोजिम विद्यालयहरु समायोजन भएको छैन ।

पालिकागत तहगत रुपमा हेर्दा समेत शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको छ । विद्यालयगत रुपमा अनाथालय गौशियाको ३२, वाल्मीकी आधारभूत विद्यालयको १८, संगमनगर आधारभूत विद्यालयको २०, फुलटेक्रा मा.वि.को १७, महेन्द्र मा.वि.को ३२, प्रा.वि. वागेश्वरीको २१ तथा योद्धा संस्कृत मा.वि. को १३ जना प्रति शिक्षक अनुपात रहेको छ। त्यस्तै धम्वोजी र मंगल मावि मा ९० जना भन्दा वढी तथा अन्य ६ विद्यालयमा ६० भन्दा वढी शिक्षक विद्यार्थी अनुपात रहेको छ । कम विद्यार्थी भएका विद्यालयहरुवाट कानुन वमोजिम शिक्षक व्यवस्थापन गरी विद्यालय संचालनलाई प्रभावकारी वनाउनुपर्दछ । साथै वागेश्वी प्रा.वि.को शिक्षक विद्यार्थि अनुपात १:२१ रहेकोमा एक जना शिक्षकको तलव मासिक २५००० का दरले रु. ३ लाख अनुदान दिएकोले अनियमित देखिएको रु.

क्र सं	विद्यालयको तह	कुल विद्यालय	कुल विद्यार्थी संख्या	कुल शिक्षक संख्या	शिक्षक विद्यार्थी अनुपात
१	प्रा.वि.	१६	९५०१	२५७	१:३६
२	नि मा वि	११	५६६९	७५	१:७५
३	मा.वि	१६	५११८	५७	१:८९
	जम्मा	४३	२०२८८	३८९	१:५२

अनियमित भएको	३,००,०००

३८ पाठ्यपुस्तकको वढी निकासा

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।०८१ को क्रियाकलाप न २.४.६.१ मा भएको ब्यवस्था अनुसार विद्यालयलाई पाठ्यपुस्तक ब्यवस्थापनको लागि कक्षा ११-१२ का लागि आर्थिक बर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो चौमासिकमा अनुदान दिने र यसरी अनुदान दिदाँ पहिलो पटकमा बिद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ बिद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरीद र वितरण गरेको आधारमा एकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने ब्यवस्था रहेको छ। निम्नानुसारका विद्यालयहरुले IEMIS अनुसार पाउने भन्दा बढि निकासा भएको देखिएकाले बढी निकासा भएको रकम सम्बन्धित बिद्यालयबाट असुल गर्नुपर्ने रु.

कक्षा	पुस्तक दर	ज्ञानसागर मा वि	जम्मा	मा वि महेन्द्रनगर	जम्मा
१	५२१	७९	४११५९	९४	४८९७४
२	५५७	७१	३९५४७	४६	२५६२२
३	५८१	७९	४५८९९	३९	२२६५९
४	५९७	८०	४७७६०	५९	३५२२३
५	६३३	४७	२९७५१	४२	२६५८६
६	७०८	५९	४१७७२	६५	४६०२०
७	७४८	५४	४०३९२	५५	४११४०
८	७७९	४४	३४२७६	७७	५९९८३
९	७६८	२८	२५७३२	२०	१५३६०
१०	९२३	३३	३५५७४	३०	२७६९०
११	३११		०		०
१२	३८८		०		०
	IEMIS अनुसार पाउने		३८१८६२		३४९२५७
	निकासा		४५१६९८		४११७५०
	बढि निकासा		६९८३६		६२४९३

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१३४,७५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,३२,३२९

३९ **अवकाश पछि तलब भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(१०) वमोजिम रकम भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी भुक्तानी हुनुपर्ने व्यवस्था छ। अवकास पछिको तलव भत्ता कट्टा गरी निकासा हुनुपर्नेमा नगरी निकासा भएकोले श्री शशिनाथ भट्टराईलाई रु. २५,४९६ अवकास पछिको अवधिको तलव भत्ता विद्यालयलाई निकासा भएको पाइएकोले असूल हुनुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **२२,०१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२५,४९६

४० **बढि ग्रेड भुक्तानी**

शिक्षकहरुको ग्रेड रकम विद्यालय शिक्षक किताबखानावाट पारित तलवी प्रतिवेदन वमोजिम भुक्तानी हुनुपर्नेमा ज्ञानसागर माविका शिक्षक श्री शिवशरण उपाध्यायलाई ५ ग्रेड पाउनेमा ६ ग्रेडका दरले भुक्तानी दिदाँ वार्षिक कर्मचारी संचय कोष समेत रु. १६,५६० भुक्तानी भएकोले वढी भुक्तानी भएको ग्रेड रकम असुल हुनुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१६,५६०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१६,५६०

४१ **छात्रबृत्ति**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ अनुसार सार्बजनिक बिद्यालयमा अध्यनरत बिद्यार्थीहरुका लागि गैर आवासिय छात्रबृति सम्बन्धि ब्यवस्था छ । सो ब्यवस्था अनुसार IEMIS मा प्रबिष्ट तथ्याङ्कको आधारमा बिद्यार्थी संख्या एकिन गरी बिद्यालयको खातामा छात्रबृत्ति बापतको रकम निकासा दिने र बिद्यालयले सम्बन्धित बिद्यार्थीलाई छात्रबृत्ति रकम बुझाइ सोको भरपाई अभिलेख तयार गरी पालिकामा पेश गर्नुपर्दछ । ज्ञानसागर मा वि लाई छात्रवृत्ति वापत रु.१,६२,६०० निकासा भएकोमा रु. १३२४०० को मात्र विल भरपाई पेश भएको छ। वाँकी रु. ३०,२०० को रकम बुझेको भरपाई पेश भएको नदेखिएकोले असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	३०,२००

४२ **प्रमाण संलग्न नगरी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) वमोजिम रकम भुक्तानी खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ। खर्च पुष्टि हुने विल भरपाई तथा कागजात संलग्न नगरी खर्च गरेको व्यहोरा देहाय अनुसार रहेको छ ।

४२.१ **सहुलियत दरमा खाना** – पालिकाले यस वर्ष भेरी अस्पताल बाँके कम्पाउण्ड भित्र रहेको अञ्जली माता रसोई घरलाई अस्पतालमा आउने विरामी र कुरुवालाई खाना खुवाउने प्रयोजनको लागि मासिक रु. १ लाख उपलब्ध गराउने निर्णयानुसार गत वर्ष भुक्तानी बाँकी र यस वर्ष समेत गरी रु. १३,०४,२३९ सुन्दरकाण्ड मित्र मण्डललाई भुक्तानी गरेको देखिन्छ। तर उक्त रसोई घरले विरामी तथा कुरुवाहरुलाई सहुलियत दरमा खाना उपलब्ध गराएको विवरण पेश गरेको छैन। अत: उक्त खर्च पुष्टि हुने खर्चको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१३,०४,२३९

४२.२ **फोहर व्यवस्थापन खर्च** – पालिकाले यस वर्ष फोहर व्यवस्थापन कार्यको लागि ल्याण्ड फिल साईट व्यवस्थापन खर्च संकलन केन्द्र समेत रु. २६,५४,८०३ विभिन्न ३९ पटक सामाग्री खरिद तथा मर्मत खर्च तथा इन्धन सरसफाई वापत रु. ६१,३२,७९९ खर्च गरेकोमा इन्धन विलको आधारमा खर्च गरेको देखिन्छ। तर उक्त खर्च पुष्टि गर्ने लगबुक लगाएतका प्रमाण संलग्न गरेको छैन । ईन्धन खर्च पुष्टि हुने प्रमाण संलग्न हुनुपर्ने रु.

अनियमित भएको	६१,३२,७९९

४२.३ **खाद्यान्न पशुपन्छि आहारा** – पालिकाले यस वर्ष पशुपन्छि आहारा शिर्षकबाट मिनी जुमा रहेका पशु पन्छिहरुको आहारा (मकै, काकुन, चामल, चना, गँहु, धान, चोकर, भटमास, घाँस, मासु आदि) व्यवस्थापन गर्न रु. १३,१८,००० लेखेको पाइयो। खरिद सामाग्रीहरु मिनी जुमा रहेका जनावरहरुको आहाराको लागि उपयोग हुने गरी डाइट चार्ट व्यवस्था नभएबाट उक्त खर्च एकिन भिडान गर्न नसकिएको रु.

अनियमित भएको	१३,१८,०००

४२.४ (✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१४२,७०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४२.५ वडा नं. २ ले यस वर्ष महेन्द्र युवा सूचना केन्द्र संचालनका लागि प्राविधिक कार्यालय सहायकको मासिक पारिश्रमिक वापत सामाजिक विकास मञ्च गैर सरकारी संस्थालाई रु. २,३७,६०० खर्च लेखेको छ । पालिकावाट सवै वडामा प्राविधिकको व्यवस्था भएकोमा गैर

सरकारी संस्थालाई यस्तो खर्च भुक्तानी दिएको सम्वन्धमा पुष्टि गरेको छैन। अत: पालिकाको दरवन्दि भएको पदमा पुन गैर सरकारी संस्थालाई रकम भुक्तानी दिएको अनियमित देखिएको रु.

अनियमित भएको	२,३७,६००

४३ **पाठ्यपुस्तक बिल पेश नभएको**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।०८१ को क्रियाकलाप न २.४.६.१ मा भएको ब्यवस्था अनुसार विद्यालयलाई पाठ्यपुस्तक ब्यवस्थापनको लागि निकासा रकमको विलभरपाई पेश गर्नुपर्ने व्यवस्था रहेको छ । माध्यामिक विद्यालय महेन्द्रनगरले रु. ३,४९,२५७। को पाठ्यपुस्तक वापत निकासा रकमको पुस्तक खरिदको विल पेश गरेको देखिएन। उक्त विल पेश हुनुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **२१६,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	३,४९,२५७

४४ **स्वकिय सचिव**

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ (पहिलो संशोधन) को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने उल्लेख गरेको छ । पालिकाले सुविधा सम्वन्धी ऐन विपरीत दुई जना स्वकिय सचिवलाई रु. ९२५२१६ तथा सल्लाहाकारलाई रु. २,४०,००० समेत रु. ११,६५,२१६ खर्च लेखेको छ । अत : स्थानीय पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन विपरीत लेखेको खर्च अनियमित देखियको रु.

अनियमित भएको	११,६५,२१६

४५ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम प्रमुखलाई रु. ५६७०००, उपप्रमुखलाई रु. ४९५०००, वडाध्यक्ष २३ जनालाई रु. ९६८३०००, कार्यपालिका सद्स्य ८ जनालाई रु. २५१३०००, तथा सभा सद्स्य ८१ जनालाई रु. १३२०००० समेत रु. २ करोड ६४ लाख ५८ हजार सुविधा वापत भुक्तानी भएको छ । जुन सुविधा पालिकाको यस वर्षको आन्तरिक श्रोतको १२.२५ प्रतिशत रहेको छ ।

४६ **कानुनी सल्लाहकार**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड अनुसार खर्च गरेको देखाए तापनि सो परिपत्रको आधारमा खर्च गर्न मिल्दैन। पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी मासिक रु. ३० हजारका दरले रु. ३ लाख ६० हजार पारिश्रमिक भुक्तानी दिएको छ । उल्लेखित ऐनमा समावेश गरेरमात्र यस्तो खर्च लेख्नु पर्दछ ।

४७ **अनुदान**

१६८९।०८१।३।२२ पालिकाबाट अनुदान उपलव्ध गराउदाँ सार्वजनिक उपयोगको सुनिश्चित हुने क्षेत्रमा मात्र अनुदान दिनुपर्दछ। साथै अनुदान पाउने संस्थाले पाएको रकम कुन कुन कार्यमा खर्च गरेको खर्चको विल भरपाई र लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ। मंगला प्रसाद महिला कलेजलाई रु. ३८,००,००० अनुदान खर्च लेखेको पाइयो । अनुदान दिएकोमा उक्त अनुदान सार्वजनिक उपयोगमा पहुँच सुनिश्चित नभएको तथा रकमबाट भएको खर्च र लेखापरीक्षण प्रतिवेदन पेश नभएको रु.

प्रमाण पेश नगरेको	३८,००,०००

४८ **दिवा खाजा**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्यिन पुस्तिका आ ब २०८०।०८१ २.८.७ क्रियाकलाप न २.७.११.१ मा दिवा खाजाको प्रबन्ध गर्नुपर्ने ब्यवस्था छ। पालिकाले यस वर्ष दिवा खाजा सामाग्री खरिद विल भरपाई बेगर विद्यार्थी हाजिरको आधारमा दिवा खाजा वापत रु. २,७८,२२,६२७ खर्च लेखेको छ । विद्यालयहरुले कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम खाजा खर्चको बिल भरपाई पेश हुनुपर्नेमा पेश गरेको छैन । दिवा खाजा ख्वाएको विल भरपाई समेत संलग्न गरी श्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

४९ **साझेदारी**

१९१।०८१।३।१३ सामाजिक विकास मञ्चले प्रत्येक वर्ष विनियोजित योजनाहरुलाई वडा कार्यालयमा पेश गर्ने र उक्त मञ्चले छनौट गरेको व्यवसायीलाई कूल सहयोग रकमको ९० प्रतिशत रकम वडा कार्यालय (अधिकतम रु.३५०००।) र मञ्च मार्फत गर्ने तथा बाँकी १० प्रतिशत रकम स्वयं युवाले लगानी गर्नुपर्ने गरी सम्झौता गरी जम्मा रु. ४,६४,१४० को सम्झौता भएकोमा यस वर्ष मञ्चले छनौट गरेका ७ जना व्यवसायीहरुलाई डि फ्रिज, ओभन तराजु लगायतका सामाग्री वितरण गरी वडा कार्यालयले रु. १,९९,३८६ खर्च लेखेको पाइयो । सम्झौता अनुसार कूल रकम रु. ४,६४,१४० को विल भरपाई पेश हुनुपर्दछ । साथै सम्झौता अनुसार सहयोग प्राप्त व्यवसायीहरुको अनुगमन गरेको प्रतिवेदन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,९९,३८६

५० **अन्य कार्यालयको खर्च**

आर्थिका कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धी व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार अन्य कार्यालयको लागि रु. ११ लाख ७९ हजार ७५८ भुक्तानी खर्च गरेको छ। कानुनको व्यवस्था अनुरुप अख्तियारी प्रदान गरी खर्च गर्नुपर्नेमा सोझै अन्य कार्यालयको खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

भौ नं।मिति	संस्था	विवरण	रकम
५९७।०८०/०९/२८	शस्त्र प्रहरी बल नं.३० गण हे.क्वा.बागेश्वरी	विद्युतिय सामाग्री खरिद	१,२४,१३१.
१७२९।०८१।३।२४	जिल्ला प्रहरी कार्यालय	फर्निचर	१,२१,४१८
विभिन्न ३ भौचरबाट	उच्च अदालत तुल्सीपुर नेपालगंज ईजलास	फर्निचर आदि	९३४२०९
			११७९७५८

अनियमित भएको	११,७९,७५८

५१ **विभिन्न खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकावाट कानून वमोजिम प्रतिफल दिने तथा रोजगारी सृजना हुने भन्दा वितरणमुखि तथा कम प्राथमिकताका कार्यहरु संचालन गरेको विवरण देहाय अनुसार रहेको छ ।

५१.१ **जेष्ठ नागरिक सम्मान कार्यक्रम** – सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकहरुलाई मासिक रु. ४ हजार भत्ता भुक्तानी भएको छ । सोको अतिरिक्त वडा नं. २,३,४ समेत ८ वडाले रु. १ लाख देखि ३ लाख सम्म यस्तो खर्च गरी कुल रु. १६,८९,२३६ भुक्तानी भएको छ । वडावाट समेत विभिन्न किसिमका सम्मान कार्यक्रम गर्दा दोहोरो सुविधा वितरण भएको छ । यस्ता कार्यक्रममा नियन्त्रण हुनुपर्दछ । विस्तृत विवरण अनुसुची मा रहेको छ ।

(विस्तृत विवरण बेरूजु दफा ५१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५१.२

वितरणमुखी खर्च – ६५।०८०।११।२४, ९०।०८१।२।१ तथा ३०।०८०।११।१७ पालिका अन्तरगत वडा नं. ५ ले १७३ थान ग्यास स्टोभ वितरण गरी रु. ३ लाख तथा ४५ सेट पानी तताउने जग सल आदि खरिद गरी रु. ९५ हजार ८५० तथा वडा नं. १४ ले ६० थान ब्ल्याङकेट खरिद गरी रु. ९९ हजार ३२७ वितरण गरेको छ । वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्चलाई नियन्त्रण गर्नुपदर्छ।

५१.३ **सडक वत्ती** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ वमोजिम खरिदको आवश्यकताको पहिचान गर्नुपर्ने तथा नियम ५ वमोजिम खरिद एकाईवाट खरिद माग प्राप्त गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराउनुपर्ने तथा नियम ३१ वमोजिम रु. २० लाख भन्दा वढीको खरिद कार्य वोलपत्रको माध्यमवाट गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाका १८ वडाहरुले रु. १ लाख ९७ हजार देखि ७ लाख सम्म खर्च गरी रु. ८९,८६,५९३ सडक वत्ती खरिद गरी भुक्तानी भएको छ। खरिद कानून वमोजिम खरिदको आवश्यकता पुष्टि नगरेको तथा पालिकाले कानून वमोजिम प्रतिष्पर्धात्मक रुपमा खरिद कार्य गर्नुपर्नेमा वडाहरु मार्फत गरेकोले वढी लागत परेको अवस्था रहेको छ । खरिद कानून वमोजिम प्रतिस्पर्धात्मक खरिद गर्नुपर्दछ । विस्तृत विवरण अनुसुची मा रहेको छ ।

५१.४ **अवलोकन भ्रमण** – वडा नं. २,३,४ समेत ८ वडाले वडाको वजेटवाट कर्मचारी तथा पदाधिकारी भ्रमण खर्चमा रु. १ लाख देखि ३ लाख सम्म खर्च गरी जम्मा रु. १६,८९,२३६ खर्च गरेका छन् । अवलोकन भ्रमण गरेकोमा भ्रमणको उपलब्धि मूल्याङ्कन गरेको देखिदैन। यस्तो खर्चबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्चलाई नियन्त्रण गर्नुपदर्छ। विस्तृत विवरण अनुसुची मा रहेको छ ।

५२ वडाहरुको चालु खर्च

आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा प्रशासनिक खर्च गर्नुपर्दछ । पालिकाको वडा कार्यालयहरु मार्फत चालु खर्च रु. ८,०५,८८,५८२ भएको छ । जसमा विविधमा रु. ६७,९४,६४९, कार्यालय सामानमा रु. ४२,४४,१९७, ईन्धनमा रु.३६,९३,२०७, मर्मतमा रु. ४०,६५,९०८ तथा संचारमा रु. ६,६६,२८३ खर्च गरेको छ । यसरी पालिकावाट समेत तलव, भत्ता अन्य प्रशासनिक खर्च भएकोमा वडावाट समेत यस्ता खर्च भएकोले सोको औचित्यता पुष्टि गरेको छैन । यस्ता खर्च नियन्त्रण गरी उपलब्धिमूलक खर्च गर्ने सम्वन्धमा ध्यान दिनुपर्दछ। बिस्तृत विवरण अनुसुचीमा रहेको छ।

(विस्तृत विवरण बेरूजु दफा ५२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५३ पुँजीगत वाट चालु खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। साथै पुँजीगत शिर्षकवाट चालु खर्च गर्न मिल्दैन । पालिकाले ५४।०८०।६।२९ वाट जय जनता मा.वि. नयाँवस्तिमा शिक्षकहरुको तलव भत्ता रु. ९ लाख तथा भौचर नं. ८१।०८०।९।२५ वाट कर्मचारी पदाधिकारीको अवलोकन भ्रमण खर्च रु. ३,२२,८०० खर्च गरेको छ । यसरी पुँजीगत शिर्षकको रकम चालु शिर्षकवाट खर्च लेखेको अनियमित देखिएको रु.

अनियमित भएको	३,२२,८००

५४ सफ्टवेयर खरिद

१६।०८०।५।१७ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ वमोजिम खरिदको आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था रहेको छ। स्वास्थ्य संस्थाहरुमा हाल ओषधि तथा ईक्वीपमेन्टको अभिलेख तथा प्रतिवेदनका लागि ELMIS तथा स्वास्थ्य सम्वन्धि तथ्याङ्कका लागि HMIS प्रयोगमा रहेको छ । तर कार्यालयले प्रयोजन एकिन नगरी कोड फ्यूजन टेक्नोलोजी प्रा.लि. वाट स्वास्थ्य संस्थाहरुमा प्रयोग गर्ने भनी सफ्टवेयर खरिद गरी रु. ९,८०,८४० भुक्तानी भएको छ । स्वास्थ्य संस्थाहरुमा हाल ELMIS तथा HMIS सफ्टवेयर प्रयोगमा रहेकोमा उक्त सफ्टवेयर खरिदको पूष्टि भएन । अतः खरिद कानून वमोजिम आवश्यकता पहिचान नगरी खरिद गरेकोले उपयोगको सुनिश्चित नभएको रु.

अनियमित भएको	९,८०,८४०

५५ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न व्यक्ति संस्थालाई दिएको पेश्की गत वर्षको रु. ८०,७५,३०८ तथा यो वर्षको निम्नानुसार रु. ८१,४४,३९९ समेत आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. १ करोड ६२ लाख १९ हजार ७०७ फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

क्र.सं	गो भौ नं र मिति	विवरण	पेश्की लिनेको नाम	जम्मा रकम
२	१८७।०८०।६।२३	विधेयक समिति, न्यायीक समिति वैठक व्यवसथापन	स.चौथो रामचरण अहिर यादव	१५०००
३	२०३।०८०।६।३०	विविध	अधिकृत झइन वहादुर खड्का	१००००
४	५००।०८०।९।४	स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको अभिमुखिकरण कार्यक्रम	ज.स्वा.अ. राम वहादुर चन्द	४९९६५०
१२	१७७९।०८१।३।३१	मसलन्द तथा कार्यालय सामाग्री	का.स. रत्न प्रसाद शर्मा	२००००
१३	१७७९।०८१।३।३१	मसलन्द तथा कार्यालय सामाग्री	क.अ. सुभास थापा	२००००
१७	११५।०८०।१०।४	नगर कार्यपालिकाको निर्णयवाट कार्यान्वयन हुने कार्यक्रमहरु	नेपाल विद्युत प्राधिकरण	८७६३६९.२४
१८	२१९।०८०।१२।२०	प्रदेश समपुरक खर्च	नेपाल विद्युत प्राधिकरण	५९०८४.७३
१९	९९७।०८०।१२।२०	वडा नं १९ फारम टोल जाने वाटो निर्माण योजना	नेपाल विद्युत प्राधिकरण	६५४०१.९६
२०	२३१।०८१।१।६	सडक तार पोल व्यवस्थापन कार्यक्रम	नेपाल विद्युत प्राधिकरण	३४१६१.६९
२१	२३२।०८१।१।७	सडक तार पोल व्यवस्थापन कार्यक्रम	नेपाल विद्युत प्राधिकरण	२५९०९.३८
२२	२५८।०८१।१।२१	सडक तार पोल व्यवस्थापन कार्यक्रम	नेपाल विद्युत प्राधिकरण	२०९१९४.७५
२३	३१६।०८१।२।२४	सडक तार पोल व्यवस्थापन कार्यक्रम	नेपाल विद्युत प्राधिकरण	७८७६९.६७
२९	१३८४।०८१।२।३०	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	घनश्याम वाल्मिकि	१२०००
			कूल जम्मा	१९,२५,५४१.४

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **२,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **२५,६५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **४८१,१२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१,१७२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **७०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **२३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **३१६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **४२३,०५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **२०,३८०.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१,३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **७००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **४२३,०५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	१९,२५,५४१.४२

५६ **निर्माण व्यवसायीको पेश्की**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ तथा खरिद सम्झौताको शर्त वमोजिम दिएको पेश्की सम्झौतामा उल्लेख भए वमोजिम फस्यौंट गर्नुपर्दछ। पालिकाले गत वर्षको रु. २१ लाख १० हजार तथा यो वर्षको निम्नानुसार रु. ७,४७,००० समेत जम्मा रु.

२८ लाख ५७ हजार पेश्की दिएको छ । उक्त पेश्की म्याद ननाघेतापनि अभिलेख राखि खरिद सम्झौताको शर्त अनुसार फर्स्यौट हुनुपर्ने देखिन्छ ।

क्र.सं	गो भौ नं र मिति	विवरण	पेश्की लिनेको नाम	म्याद नाघेको	म्याद ननाघेको	जम्मा रकम
१	१०६।०८०।११।८	रत्न मार्ग मिडियन व्यवस्थापन गर्ने	नेपाल विल्डर्स		२२००००	२२००००
२	१८४।०८०।११।२७	सुर्खेत रोड गणेशमान चोक देखि कारकाँदो चोक सम्म फुटपाथ व्यवस्थापन तथा सौन्दर्यिकरण	राज विल्डर्स नेपालगन्ज		२२५०००	२२५०००
३	२२३।०८०।१२।२१	वागेश्वरी चिल्ड्रेन पार्क निर्माण न्यूरोड	वागेश्वरी काल भैरव कन्ट्रक्सन,		३०२०००	३०२०००
४	१२।०८०।९।२६	प्रकोप व्यवस्थापन कोष	पवन कुमार कनोजिया		४२३०५१	
५	५६।०८१।३।२८	विविध कोष खाता विविध	दिपेश श्रेष्ठ		३०००००	
			जम्मा		७४७०००	७४७०००

५७ उपभोक्तालाई मूल्यअभिवृद्धि कर

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समिति मार्फत गर्ने कामको लागत अनुमान तयार गर्दा निर्माण सामग्री खरिदको मूल्यअभिवृद्धि कर समेत समावेश गरी लागत अनुमान तयार गरेकोमा देहायका उपभोक्ता समितिले भुक्तानी लगेको मूल्य अभिवृद्धि कर वरावरको मूल्य अभिवृद्धि कर बिजक पेस नगरेकोले मूल्य अभिवृद्धि कर बापत भुक्तानी भएको निम्नानुसारको रु. १ लाख ८५१ असुल गर्नुपर्ने रु.

क्र.सं.	भौ.नं. र मिति	काम	भुक्तानी	विल पेश	वढी भुक्तानी
१	४९५।०८१।३।२४	लोहरनपूर्वा पि.सी.सी	१९१७७	१५७८१	३३९६
२	२२।०८१।३।२३	जगतज्योती मा.वि.	२९८२४	२७२८४	२५४०
३	२७।०८१।३।२४	खोप तथा गाउंघर क्लिनिक	२१२९४	१७५६७	३७२७
४	१६८।११।११	शिवशक्ति टोल उपभोक्ता समूह	२४७२२	१३३९०	११३३२
६	२००।१२।७	नाला निर्माण वडा नं.१८	३५५०१	३२५००	३००१
७	२५९।१।२१	वसपार्क टोल उपभोक्ता समिति	३७३४९	३२१५१	५१९८
९	३१४।२।२४	कालिका प्रगति टोल सडक पि.सी.सी	२९९७६	२२३४०	७६३६
१०	३०८।२।२१	शान्ति टोल सडक निर्माण	३४२२८	२९०७४	५१५४
११	३३६।३।६	वडा नं.९ नाली निर्माण	१३७८०	१०१४२	३६३८
१२	३३४।३।६	फैजाने पि.सि.सि.वडा नं.५	२५८७०	१३८३७	१२०३३
१३	३७५।३।२१	सडक नाला निर्माण वडा नं.१८	८७२६६	६६४४९	२०८१७
१४	४४२।३।२४	शिव मन्दिर वाटो निर्माण	२०२८०	१५५०२	४७७८
		जम्मा			८३२५०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **११,७७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **५,८२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	८३,२५०

५८ **सुरक्षाकर्मी सेवा**

पालिकाले बजार व्यवस्थापन तथा राजस्व संकलन कार्यको लागि रु. ९२,३९,२५३।४८ को लागत अनुमान स्वीकृत गरी न्यू बागेश्वरी सरसफाई एण्ड सेक्यूरिटि सर्भिसेज प्रा लि बाँके सँग १० महिनाको लागि रु. ७९,६३,४४९ मा कार्य गर्ने गरी सेवा खरिद गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

५८.१ सार्वजनिक खरिद नियमावली २०६४ कोनियम १२३ (१) अनुसार खरिद सम्झौताको शर्त अनुसार विल रकम भुक्तानी हुनुपर्दछ । BOQ मा Dress & Overcoat वापत रु१९१५३५। र Safety equipments वापत रु७६६१४। गरी जम्मा रु२६८१४९। प्रोभिजनल सममा राखेकोमा सोको विल भरपाई पेश भएको पाइएन । अत: सोको बिल भरपाई पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	२,६८,१४९

५८.२ सम्झौताको शर्त अनुसार उक्त सेवा प्रदायक संस्थाले ३० जना जनशक्तिहरु दैनिक उपलब्ध गराउनु पर्ने तथा सोको हाजिर विवरण समेत पेश गर्नुपर्ने उल्लेख भएकोमा सो पेश भएको देखिएन। सम्झौता बमोजिम हाजिर विवरण पेश हुनुपर्दछ ।

५९ **हनुमानको मूर्ति निर्माण**

१०८ फिटको हनुमान मूर्ति निर्माणको लागि लागत अनुमान रु. १०,१५,२६,४१० स्वीकृत गरी वोलपत्र भएकोमा रु. १०,११,५२,४९४ कवोल गर्ने जम्मुदीप कन्स्ट्रक्सन सँग २०७९।१२।३० मा २४ महिना भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा हाल सम्म रु. ८,८४,३३,४९३ भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहाय वमोजिम छन् :

५९.१ **परामर्शदातालाई जिम्मेवार वनाउने** - मूर्ति निर्माणको विस्तृत आयोजना प्रतिवेदन तयार पार्ने RIPPLE Training & Consultancy Services प्रा.ली सँग सम्झौता गरी रु. १९,६२,८१० भुक्तानी भएको छ । उक्त परामर्शदाताले तयार गरेको डि पि आर वमोजिम तयार गरेको लागत अनुमानमा पाएल फाउण्डेसनको आईटम मानै नराखेकोले नयां आईटम दिन परेको तथा हाल मूर्ति निर्माणमा कलात्मक कार्यको दर नै नराखेकोले उक्त परिमाण समेत थप गर्दा २५ प्रतिशत भन्दा वढी लागत थप हुने कार्यालयले जनाएको छ । सुरु डि.पि.आर मै सवै परिमाण नराखेकोले हाल थप गरी कार्य गर्दा लागत वढेको तथा मूर्ति निर्माण कार्य समेत समयमा सम्पन्न गर्न समस्या भएको देखिन्छ । अत: यस सम्वन्धमा सम्वन्धित परामर्शदातालाई समेत जिम्मेवार वनाउनुपर्ने रु.

प्रमाण पेश नगरेको	१९,६२,८१०

५९.२ **भेरियसन** - सार्वजनिक खरिद नियमावली,२०६३ को दफा ५४ वमोजिम खरीद सम्झौता गर्दाका वखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनका वखत सृजना भएमा सोको प्राविधिक पुष्ट्याई र कारण सहित भेरियसन गर्न सक्ने व्यवस्था छ। मूर्तिको फाउण्डेसन निर्माणको लागि पायलको कार्य गर्ने आईटम छुट भएकोले भेरिएसन-१ वाट ३.०९ प्रतिशत वढाई लागत अनुमान रु. १०,४८,८९,६४० तथा सम्झौता रकम रु. १०,४२,८७,८३६ कायम गरिएको छ। सुरु लागत अनुमानमा पायलको सम्पुर्ण कामको दर Earth work मा समावेश गरेको सोको दरमा पायलको काम हुन नसक्ने जनाई pile को खन्ने तथा कंक्रिट र छड समेतको सम्पुर्ण कामको नयाँ दर निर्धारण गरी भेरियसन गरीएको छ । डिजाईननै pile फाउण्डेसन भएकोमा सोको आईटम छुट हुनुमा परामर्शदाता तथा प्राविधिक जिम्मेवार रहेको देखिन्छ। त्यस्तै मूर्ति निर्माणको स्थलगत अवलोकन गर्दा फनउण्डेसनको काम समाप्त भई मूख्य मुर्तिको

कार्य सुरु भएकोमा मूर्तिमा कलात्मक आईटमहरुको समेत सम्झौतामा रहेको दरवाट कार्य हुन नसक्ने भएको जनाई काम स्थगित भएकोले भेरियसनको प्रकृयामा रहेको कार्यालयले जनाएको छ। उल्लेखित कुराहरु सम्झौता कार्यान्वयनको वखत सृजना भएको नभई डि पि आर तयार गर्दा विशेषज्ञताको अभाव मूख्य रहेको छ। यस्तो अबस्थामा डि.पि.आर. प्रतिबेदन तयार गर्ने परामर्शदाता समेतलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

६० **अधुरा ठेक्काको कार्य स्वीकार**

५३।०८०।६।२३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ २क (११ औं संशोधन) मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ । कार्यालयले डिप वोटिङ्ग सम्वन्धी कार्यका लागि रु. १५,६३,६६३ मा वजरङ्ग निर्माण सेवा सँग खरिद सम्झौता गरी कार्य भई रु. १०,४७,६९३ (६७.०२) प्रतिशत कार्य सम्पन्न भएकोमा ठेक्काको कार्य अधुरो रहेकै अवस्थामा कार्य स्वीकार गरेको छ । अधुरो कार्य पुरा गर्न पुन: कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्ने भएकोले यस्तो कार्य नियन्त्रण गरी ठेक्का सम्झौता अनुसारको काम पुरा भए पछि मात्र कार्य स्वीकार गर्नुपर्दछ ।

६१ **पासाङ्गल्यामु मार्ग**

पासाङ्गल्यामु मार्ग कालोपत्रे कार्यका लागि लागत अनुमान रु. ८७,७८,६३७ स्वीकृत गरी वोलपत्र हुदाँ रु. ८३,८७,३३४ कवोल गर्ने पि.के.कन्स्ट्रक्सन सँग २०८०।९।१८ मा २०८१।३।१४ भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा कार्य सम्पन्न हुन नसकी २०८१।७।३० सम्म म्याद थप भएकोमा डिस्मेन्टलिङ्ग तथा साईड किलियरिङ्गको कार्य गरी रु. १६,५९,२९० भुक्तानी भएको छ । म्याद थपको निर्णय हुँदा २०८१।७।३० भित्र कार्य सम्पन्न गर्न नसके सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ वमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई कार्य सम्पन्न गराउने गरी निर्णय भएकोमा लेखापरीक्षणको अवधि २०८१।१०।३० सम्म थप निर्माण कार्य भएको देखिएन । अतः सम्झौताको शर्त, खरिद कानून तथा म्याद थपको निर्णय वमोजिम सम्झौता रकमको अधिकतम दश प्रतिशतले हुन आउने पूर्वनिर्धारित क्षतिपूर्ति रु. ६ लाख ८० हजार २१ असूल गरी निर्माण कार्य सम्पन्न हुनुपर्ने देखिन्छ ।

६२ **सुर्खेत रोड जामा मस्जिद हुदैं शिव मन्दिर सडक निर्माण**

सुर्खेत रोड जामा मस्जिद हुदैं शिव मन्दिर सडक निर्माणका लागि रु. ६९,९९,७९८ लागत स्वीकृत गरी वोलपत्र भएकोमा रु. ६९,२५,५८० कवोल गर्ने प्रेम राज निर्माण सेवा सँग २०८०।१०।७ मा ०८१।२।२० सम्ममा कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा कार्य सम्पन्न हुन नसकी २०८१।७।३० सम्म म्याद थप भएको छ । यस वर्ष रु. ४१,६९,५९६ को कार्य भएकोमा रु. ३ लाख फर्स्योट गर्न पेश्की वाँकी रहेको छ ।

६२.१ **पूर्व तयारी नगरी ठेक्का** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम ३ वमोजिम निर्माणस्थलको व्यवस्था नभई वोलपत्र गर्न नहुने व्यवस्था रहेको छ । निर्माण कार्यको सिलसिलामा निर्माण स्थलमा रहेको तार तथा पोल नसारेको कारण कार्य गर्न नसक्ने भनी निर्माण व्यवसायीवाट २०८१।५।६ तथा ५।१६ मा ठेक्का तोडिदिन पत्राचार गरेको छ। निर्माण स्थलको व्यवस्था नगरी ठेक्का गरेका कारण काम अधुरोरहि निर्माण कार्य सम्पन्न हुन नसक्ने देखियो । अतः कानून वमोजिम ठेक्काको पूर्व तयारीको कार्य सम्पन्न गरेर मात्र ठेक्का सम्झौता गर्नुपर्ने देखिन्छ।

६२.२ **पेश्की जफत गर्ने** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम ४ वमोजिम कार्य पेश्की जमानतको म्याद खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्स्योट गर्ने अवधि भन्दा कम्तिमा १ महिना वढी अवधिको हुनुपर्ने व्यवस्था छ । त्यस्तै खरिद सम्झौतामामा समेत उक्त व्यवस्था भएकोमा निर्माण कार्यको लागि उपलव्ध गराएको पेश्की रु. ३ लाख फर्स्योट नभएको तथा जमानतको म्याद समेत २०८१ आषाढमा समाप्त भएकोले उक्त पेश्की जफत हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३,००,०००

६३ **व्यापारीक भवन निर्माण**

पालिकाले व्यापारिक भवन निर्माणको लागि रु. ६,५५,१८,९८३ लागत अनुमान स्वीकृत गरी वोलपत्र हुदाँ रु. ४,५४,०३,६८८ कवोल गर्ने आत्रय पूर्णचन्द्र जे.भी.को वोलपत्र स्वीकृत गरी २०७८।७।३० मा २०७९।३।१५ भित्र कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा गत वर्षको समेत जम्मा रु. ३,२५,१४,०३३ को कार्य भई सम्झौता वमोजिम कार्य नभएकोले रु. ४०,२३,९२६ पूर्वनिर्धारित क्षतिपूर्ति लिई वाँकी भूक्तानी भएको छ । समयमा सम्पन्न हुन नसकी २०८०।२।३० सम्म म्याद थप भएकोमा कार्य सम्पन्न भएको छैन। साथै म्याद थप समेत भएको छैन । निर्माण कार्यको २०८१।१०।२२ को स्थलगत निरीक्षणमा समेत फिनिसिङ्गका कार्यहरु गर्न वांकी देखियो । वाँकी निर्माण कार्य सम्पन्न गरी व्यापारिक भवन संचालनमा ल्याउनुपर्दछ ।

६३.१ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **३९९,९४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६३.२ **कार्यसम्पादन जमानत** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० को उपनियम ४ वमोजिम कार्य सम्पादन जमानतको म्याद कार्य सम्पन्न भई त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा १ महिना वढी अवधिको हुनुपर्ने व्यवस्था छ । नविल वैंकको कार्य सम्पादन जमानत रु. ४,६०,००० को म्याद २०७९।११।३० मा समाप्त भएकोमा थप गरी पेश नभएकोले उक्त जमानतको म्याद थप गरी पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,६०,०००

६४ **अधूरो निर्माण कार्य**

चोलीका-वालेगाउँ सडक मर्मत कार्यका लागि वोलपत्रद्धारा कृष्णसार कन्स्ट्रक्सनको रु. ३०,९५,९१३ स्वीकृत गरी २०७८।२।२६ मा २०७८।३।२५ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा रु. ९,८१,८६५ को कार्य भई भुक्तानी भएकोमा कार्य सम्पन्न भएको देखिएन । निर्माण कार्यको २०७८।७।३० सम्म म्याद थप भएकोमा सो पछि म्याद थपको निवेदन नदिएको तथा थप नभएको, सम्झौता अनुसार काम गर्न २०७९।१०।६, १०।१० समेत विभिन्न मितिमा पत्राचार भएकोमा कार्य गरेको देखिदैँन ।

६४.१ **पूर्वनिर्धारित क्षतिपूर्ति** – सार्वजनिक खरिद नियमावली २०६४, को नियम १२१ तथा खरिद सम्झौताको शर्त वमोजिम सम्झौतामा तोकेको अवधिमा कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले अधिक्तम १० प्रतिशत रकम पुर्वनिर्धारित क्षतिपुर्ति दिनुपर्ने व्यवस्था छ । निर्माण कार्य समयमा सम्पन्न नगरेको, म्याद थप पछि पनि कार्य सन्तोषजनक नरहेको, म्याद समाप्त भएकोमा थप नभएको, निर्माण व्यवसायी निर्माण स्थलमा उपस्थित नभएकोले सम्झौताका शर्तहरु उल्लघंन भएकोमा कार्यालयबाट कुनै कारवाहि नभएकोले सम्झौता रकम रु. २७,३९,७४६ (मु.अ.कर वाहेक) को अधिकतम दश प्रतिशतले हुन आउने रकम असूल गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,७३,९७४

६४.२ **कार्य सम्पादन जमानत** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० वमोजिम कार्यसम्पादन जमानतको म्याद निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने अवधि भन्दा एक महिना वढी अवधिको हुनुपर्ने व्यवस्था भएपनि निर्माण कार्यको रु. ८,२६,००० जमानतको म्याद २०८१।१।२४ मा समाप्त भएकोमा थप भई पेश भएको नदेखिएकोले उक्त जमानतको म्याद थप गरी पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	८,२६,०००

६५ **आन्तरिक लेखापरिक्षण प्रतिवेदनबाट देखिएका व्यहोराहरु निम्नानुसार छन् :**

सि.नं	विवरण	रकम
२	**कार्यक्रम विपरित खर्च** – १८६।२०८०।६।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(१) वमोजिम वजेट र कार्यक्रमको सीमाभित्र रही रकम खर्च गर्नुपर्ने व्यवस्था छ । आयुर्वेद शाखावाट नागरिक आरोग्य कार्यक्रममा रु. २ लाख वजेट विनियोजन भएकोमा आयुर्वेदिक औषधि खरिद गरी रकम भुक्तानी भएको देखिन्छ । यसरी नागरिक आरोग्य कार्यक्रमको उद्देश्य वमोजिम कार्यक्रम, शिविर तथा सचेतना कार्यक्रम गरी खर्च गर्नुपर्नेमा सो अनुरुप कार्यक्रम संचालन नभएको नियमित गर्नुपर्ने रु.	२०००००
५	**वढी भुक्तानी** – १६८८।२०८१।३।२२ जनस्वास्थ्य निरिक्षक राजन कुमार शाहिलाई स्वास्थ्यकर्मिहरुलाई नसर्ने रोग सम्वन्धी कार्यक्रममा रकम भुक्तानी गर्दा निजलाई प्रशिक्षक वापत र प्रतिवेदन लेखन वापत रु.१००० समेत दोहोरो सुविधा उपलव्ध गराएकोले लुम्विनी प्रदेशको खर्च निर्देशिका मापदण्ड वमोजिम दोहोरो सुविधा उपलव्ध गराउन सकिने कानूनी व्यवस्था नभएकोले असूल हुनुपर्ने रु.	१०००
६	**भाडा कर** - १७७५।०८१।३।३० आयकर ऐन, २०५८ को दफा ८८ (५) वमोजिम भाडा भुक्तानीमा दश प्रतिशतका दरले कर कट्टी तथा दाखिला हुनुपर्ने व्यवस्था रहेको छ । सामाजिक सुरक्षा भत्ता सम्वन्धी वित्तीय साक्षरता कार्यक्रमको लागि अधिकृत श्री प्रविण कुमार रानालाई रकम भुक्तानी भएकोमा संलग्न विल वमोजिम रु. १०,५०० भाडा वापत भुक्तानीमाको १० प्रतिशत वहाल कर रु. १०५० दाखिला गर्नुपर्नेमा रु. ४५० मात्र दाखिला भएकोले वांकी रु. ६०० असूल गर्नुपर्ने रु.	६००
७	**९।०८१।३।६** – वडा नं १९ स्थित प्रगतिनगर टोलमा नाला निर्माण कार्य गरे वापत नाली निर्माण उपभोक्ता समिति नेपालगन्ज १९ लाई रु. १३८७४८६ रकम भुक्तानीमा परि ट्रेड एण्ड सप्लायर्स नेपालगन्ज- १९ वांकेको पेश भएको कर विजक रु. ११७२६५ मा कारोवार मिति ०८४।२।१२ र विजक जारी भएको मिति ०८४।२।५ उल्लेख भएकोले निर्माण कार्य सम्पन्न हुँदाको कर विजक संलग्न गरी नियमित हुनुपर्ने रु.	११७२६५
८	**वढी भुक्तानी** – ४०७।०८१।३।२२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) वमोजिम रकम भुक्तानी खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ। कान्जिहाउसमा समरसेवल जडान लगायतका कार्यहरु गरे वापत श्री राकेश भारतिलाई रकम भुक्तानीमा प्राविधिक विलमा रु. ९५,२१९ कार्य भएकोमारु. ९६,२१९ भुक्तानी भएको देखिएकोले रु. १००० वढि भुक्तानी भएको तथा भौचर नं. ४२०।२०८१।३।२३ मा लागत सहभागिता कार्यक्रम अन्तर्गत वडा नं. १९ स्थित शान्तिमार्ग वाटो निर्माण उपभोक्ता समितिलाई प्राविधिक र कार्य सम्पन्न प्रतिवेदन वमोजिम रु.४,९९,२७८ भुक्तानी हुनुपर्नेमा रु. ५,००,२७८ भुक्तानी भई रु.१००० वढी भुक्तानी भएको समेत असूल हुनुपर्ने रु.	२०००
९	**प्राविधिक मूल्याङ्कन** – ४३०।०८१।३।२३ सार्वजनिक खरिद नियमावली २०६४ को निय ९७(६) वमोजिम कार्य सम्पन्न भए पछि प्राविधिक मुल्याङ्कन, विल भरपाई तथा उपभोक्ता समितिवाट अनुमोदन गराई रकम भुक्तानी हुनुपर्ने व्यवस्था रहेको छ । लागत सहभागिता कार्यक्रम अन्तर्गत गंगाराम पूर्वामा शंकर भगवानको मन्दिर देखि सहजराम वर्माको घर सम्म नालि र ढक्कन निर्माण कार्य गरे वापत सम्वन्धित उपभोक्ता समितिलाई रु.७,४६,३३७ रकम भुक्तानी भएकोमा प्राविधिक मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन संलग्न नभएकोले पेश गर्नुपर्ने रु.	७४६३३७
१०	**वढी भुक्तानी** - ४५१।२०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) वमोजिम रकम भुक्तानी खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ। नेपालगन्ज उप महानगरपालिका वडा नं १ देखि १२ नम्वर वडावाट मागमा आधारित भवन, सडक र नाला निर्माण तथा मर्मत कार्य गरेवापत बाला विल्डर्स एण्ड ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. लाई प्राविधिक मूल्याङ्कन तथा कर विजक रु. ७,७९,७३२।४४ पेश भएकोमा रु. ७,९७,७३२ रकम भएकोले वढि भुक्तानी रकम असूल हुनुपर्ने रु.	१८०००
११	**१०,२१।०८०।११।२०, ०८१।३।१२** – अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना केन्द्र संचालनका लागि अपाङ्गता सशक्तिकरण एवं संचार केन्द्र (डेक) नेपाल वांकेलाई रु.१००००००। रकम भुक्तानी भएको देखिन्छ । यस संस्था मुल्य अभिवृद्धि करमा दर्ता भएतापनि अन्य व्यवसायी फर्महरुको विलहरु संलग्न गरी भुक्तानी गरिएको देखिन्छ । यसरी मुल्य अभिवृद्धि करमा दर्ता भएको फर्मको आफ्नै नाममा कर विजक जारी नगरेको हुंदा सो वरावरको मुल्य अभिवृद्धि कर रकम दाखिला भएको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.	११५०४४
१२	**२९।०८१।३।२३** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) वमोजिम रकम भुक्तानी खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ। प्रदेश कृषि पशुपक्षी विकास कार्यक्रमको अनुगमन तथा समन्वय वापत रु. ३५०००। खर्च भएकोमा सोको उपस्थिती तथा अनुगमन प्रतिवेदन संलग्न नभएकोले प्रमाण कागजात पेश हुनुपर्ने तथा ३०।०८१।३।२४ – पाठेघर स्क्रिनिङ्ग शिविर संचालन गरे वापत कान्ति आरोग्य अस्पताल प्रा.लि नेपालगन्जलाई रु.४,९४,४१२। रकम भुक्तानी भएकोमारु.३०००। उपस्थिती वमोजिम वुझि लिएको नदेखिएकोले असूल हुनपर्ने समेत रु.	३८०००

	वडा नं १	
१३	**१५५।०८१।३।६** – वडा कार्यालयले वडाको तथ्याङ्क संकलन कार्य गरे वापत तथ्याङ्क संकलनकर्ता श्री रुपा अधिकारी र श्री सरीता खड्का डि.सी लाई १०३८ घर धुरीको तथ्याङ्कको रु. ३०। का दरले रु. ३००००। पारिश्रमिक भुक्तानीमा १५ प्रतिशत पारिश्रमिक कर रु. ४५००। कट्टी गरी रकम भुक्तानी गर्नुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा कर रु. ४५०। मात्र कट्टी भएकोले वांकी कर रु. ४०५०। असुल गरी दाखिला गर्नुपर्ने रु.	४०५०
१४	**१९३।०८१।३।२३** – लुम्विनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को अनुसूची- ५ अन्तर्गत सि.नं ४(ख) मा अन्य तालिममा प्रति कार्यपत्र वापत रु. १५००। र प्रति कक्षा संचालन वापत रु. १०००। उपलव्ध गराउन सक्ने कानूनी प्रावधान रहेको छ । कानूनी सचेतना कार्यक्रम (एक दिने) संचालन गरेवापत महिला जागरण अभियान वांकेलाई रु. ४६३७५। रकम भुक्तानी भएको देखिन्छ । सो कार्यक्रममा प्रशिक्षण गरे वापत प्रशिक्षकहरु चाहना शाह र हिरा वहादुर श्रेष्ठलाई ३।३ सेसनको १५००। का दरले रु. ९०००। भुक्तानी भएको देखिन्छ । सो कार्यक्रममा कार्यपत्र वेगर ६ कक्षाको प्रति कक्षा रु. १५००। का दरले भुक्तानी भएको छ । नियममा व्यवस्था भए वमोजिम कार्यपत्र वेगर कक्षा मात्र संचालन गरेकोले वढि भुक्तानी रकम रु ३०००। असूल हुनुपर्ने रु	३०००
	वडा नं ३	
१५	**१०।०८०।७।२१** – लुम्विनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधा सम्वन्धी कानून २०७६ मा वडा सदस्यले मासिक रु. ४०००। यातायात सुविधा पाउने व्यवस्था वमोजिम सबै वडा सदस्य हरुलाई समेत नेपालगन्ज उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयवाट यातायात सुविधा वापतको रकम भुक्तानी भएतापनि यस वडाका वडा सदस्य जमाल हल्वाईलाई सवारी साधन मर्मत वापत रु. २३०५०। रकम भुक्तानी भएको दोहोरो देखिएकोले सो रकम असूल हुनुपर्ने रु	२३०५०
१६	**३९।२०८०।१०।१७** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१५) मा उल्लेख गरिएका विषय वाहेक अन्य चालु प्रकृतिका खर्च भुक्तानी दिन वांकी विवरणमा समावेश गर्न नपाउने व्यवस्था गरेको छ । वडा कार्यालयले यस आ.व मा गत आ.व को वांकी धारा प्लास्टर कार्य गरे वापत चालु शिर्षक वाट भुक्तानी दिन वांकी कच्चावारी प्रमाणित नगरी रु. २४६९४। रकम भुक्तानी भएको अनियमित देखिएको रु	२४६९४
१७	**१०३।०८१।१।२०** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) मा उल्लेख गरिएका विषय वाहेक अन्य चालु प्रकृतिका खर्च भुक्तानी दिन वांकी विवरणमा समावेश गर्न नपाउने व्यवस्था गरेको छ । गत आ.व को भुक्तानी दिन वांकी शिर्षकवाट भुक्तानी दिन वांकी कच्चावारी प्रमाणित नगरी ल्यापटप, प्रिन्टर रिपेयरिङ्ग वापत रु. २५०००। भुक्तानी भएको अनियमित देखिएको रु.	२५०००
१८	**११७।२०८१।२।१** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) मा उल्लेख गरिएका विषय वाहेक अन्य चालु प्रकृतिका खर्च भुक्तानी दिन वांकी विवरणमा समावेश गर्न नपाउने व्यवस्था गरेको छ । गत आ.व को भुक्तानी दिन वांकी शिर्षकवाट भुक्तानी दिन वांकी कच्चावारी प्रमाणित नगरी प्रिन्सि फर्निसिङलाई रु. ४३५७२। रकम भुक्तानी भएको अनियमित देखिएको रु.	४३५७२
१९	**१६७।२०८१।३।२४** – आयकर ऐन, २०५८ को दफा ८८ (५) वमोजिम भाडा भुक्तानीमा दश प्रतिशतका दरले कर कट्टी तथा दाखिला हुनुपर्ने व्यवस्था रहेको छ। अवलोकन भ्रमण खर्च वापत कन्चन श्रेष्ठलाई अवलोकन भ्रमणमा ७ दिन गाडी प्रयोग गरे वापत रु.१२००००। रकमको १० प्रतिशत भाडा कर रु.१२०००। दाखिला गर्नुपर्नेमा नभएकोले असुल तथा दाखिला गर्नुपर्ने रु.	१२०००
	वडा नं ४	
२०	**१५।२०८०।७।१६** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) वमोजिम रकम भुक्तानी खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ। धारा सामाग्री खरिद तथा मर्मत गरे वापत साही ट्रेडर्स एण्ड सप्लायर्स नेपालगन्जलाई रु.१३,५३१। भुक्तानी भएको देखिन्छ । उक्त धारा जडान भएको, वा मौज्दातमा रहेको सम्वन्धमा प्रमाण पेश हुनुपर्ने रु.	१३५३१
२१	**१२३।२०८१।३।२** - महिलाहरुको क्यान्सर रोग परीक्षण कार्यक्रम सन्चालन वापत चिरायु डाइग्नोस्टिक एण्ड हेल्थ केयर सेन्टर नेपालगन्जलाई रु.२९२८००। भुक्तानी भएको देखिन्छ । आ.व २०८०।८१ को जिल्ला दररेट वमोजिम प्रतिविज्ञ प्रति दिन रु. ३६४०। भुक्तानी गर्न सकिने व्यवस्था भएकोमा निजलाई दररेट भन्दा वढि भुक्तानी असुल हुनुपर्ने रु.	२३५२०
२२	**१२।०८०।९।६** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आ.व समाप्त भएको ७ दिन भित्र सम्वन्धित निकायबाट	३८८८३

	प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ । यस वडा कार्यालयले २०७९।८० मा विभिन्न स्थानमा वाटो निर्माण कार्य गरे वापत मनकामना कन्ट्रक्सन निर्माण एण्ड सप्लायर्सलाई भुक्तानी दिन बांकी विवरण प्रमाणित नगराई रु.३८,८८३। रकम भुक्तानी भएको अनियमित देखिएको रु.	
	वडा नं ५	
२३	**१०२।०८१।२।१४** – आयकर ऐन, २०५८ को दफा ८८ (५) वमोजिम भाडा भुक्तानीमा दश प्रतिशतका दरले कर कट्टी तथा दाखिला हुनुपर्ने व्यवस्था रहेको छ । अवलोकन भ्रमण वापत वडा सचिव श्री महेश कुमार यादवलाई रु.१,४१,६०७। रकम भुक्तानीमा भाडा वापतको रु. ३५,०००। भुक्तानीमा १० प्रतिशत वहाल कर रु.३,५००। दाखिला नभएकोले सो रकम असूल हुनुपर्ने रु.	३५००
२४	**दोहोरो यातायात सुविधा** - लुम्विनी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधा सम्वन्धी कानून , २०७६ को दफा ३ देखि ९ संग सम्वन्धित अनुसूची अनुसार विभिन्न शिर्षकमा खर्च गर्न सक्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १४ (२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैन भनी उल्लेख गरेको छ । यस वडाका वडा अध्यक्ष श्री सराफत हुशेन शेषले सवारी साधन मोटरसाइकल वडा कार्यालयवाट वुझिलिई सोको विभिन्न मितिमा इन्धन खर्च तथा मर्मत खर्च समेत लिएको देखिन्छ । यसरी नेपालगन्ज उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयवाट मासिक पाउने सुविधा अन्तर्गत यातायात सुविधा वापत रु.१,४४,०००। भुक्तानी समेत भएको देखिएकोले दोहोरो भुक्तानी रकम असूल हुनुपर्ने रु.	१४४०००
२५	**२९।२०८१।२।३०** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) वमोजिम रकम भुक्तानी खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । वडाका विभिन्न चोकमा सि.सि क्यामेरा जडान गरे वापत नेपाल विल्डर्सलाई रु. ३,९९,६८६। रकम भुक्तानीमा माग फाराम, खरिद आदेश, दाखिला प्रतिवेदन संलग्न प्रमाण पेश नभएको अनियमित देखिएको रु.	३९९६८६
२६	**४३।२०८१।३।१९** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) मा सरकारी निकायले ठेक्का सम्झौता वा करार अन्तर्गतको कार्यमा सो वापतको रकम सम्वन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी हुने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरी वांकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था छ । ट्याक्टरको ट्रली खरिद गरे वापत ताज इन्जिनियरिङ्ग इन्डस्ट्रिजलाई रु.३,६०,०००। रकम भुक्तानीमा सोको मुल्यअभिवृद्धि रकमको ३० प्रतिशतले हुने रकम रु.८,९७३। कट्टी नगरी भुक्तानी भएकोले दाखिला गरेको प्रमाण पेश हुनुपर्ने । अन्यथा असूल हुनुपर्ने रु.	८९७३
	वडा नं ६	
२७	**२२।२०८१।९।८** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) वमोजिम कार्यालयमा प्राप्त हुन आएको जिन्सी सामान सात दिन भित्र दाखिला गरी श्रेस्ता आद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । सामाजिक सचेतना सरोकार मन्चवाट गत आर्थिक वर्षको नाला सफाई कार्यक्रम अन्तर्गतको रु.३,४७,७९०। रकम भुक्तानीमा फरुवा ३० थान खरिद गरी रु.२१,०००। भुक्तानी भएकोमा सो सामाग्री दाखिला गरी आम्दानी वांधिएको नदेखिएकोले जिन्सी खातामा आम्दानी हुनुपर्ने रु.	२१०००
	वडा नं ११	
२९	**१२८।२०८१।३।२४** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) वमोजिम रकम भुक्तानी खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ। सवारी चालक श्री रमेश कुमार गुप्तालाई चामल, दाल लगायतका खाद्य सामाग्री खरिद वापत रु.१५,०००। भुक्तानी भएकोले सो सामाग्री खरिद प्रयोजनको एकिन नभएकोले आवश्यक प्रमाण पेश हुनुपर्ने रु.	१५०००
३०	**६८।२०८१।१।२५** – लुम्विनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को अनुसूची ५ अन्तर्रगत सि.नं ४(ख) मा अन्य तालिममा प्रति कार्यपत्र वापत रु. १,५००। र प्रति कक्षा संचालन वापत रु. १,०००। उपलव्ध गराउन सक्ने कानूनी प्रावधान रहेको छ । ३ दिने महिला हक अधिकार बार कानूनी साक्षरता कार्यक्रम सन्चालन गरे वापत दिदि वहिनी समाज वांकेलाई रु.९६०००। रकम भुक्तानीमा प्रशिक्षकहरुलाई ४ वटा कक्षा संचालन गरे वापत रु.६०००। भुक्तानी भएकोमा कार्यपत्र संलग्न भएको नदेखिएकोले वढि भुक्तानी रकम रु.२०००। असूल हुनुपर्ने रु.	२०००
३१	**८६।२०८१।३।९** - लुम्विनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को अनुसूची ५ अन्तर्रगत सि.नं ४(ख) मा अन्य तालिममा प्रति कार्यपत्र वापत रु १५००। र प्रति कक्षा संचालन वापत रु. १०००। उपलव्ध गराउन सक्ने कानूनी प्रावधान रहेको छ । वालमैत्री स्थानीय शासन प्रवर्धन कार्यक्रम संचालन गरे वापत युवा घर वांकेलाई रु.९८७२०। भुक्तानीमा प्रशिक्षकहरुलाई ८	४०००

	वटा कक्षा संचालन गरे वापत रु. १२०००। भुक्तानी भएकोमा कार्यपत्र संलग्न भएको नदेखिएकोले वढि भुक्तानी रु. ४०००। असूल हुनुपर्ने रु	
३२	**९।२०८०।९।१३** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) वमोजिम कार्यालयमा प्राप्त हुन आएको जिन्सी सामान सात दिन भित्र दाखिला गरी श्रेस्ता आद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । सडक वत्ती व्यवस्थापन सम्वन्धी सामाग्रीहरु खरिद गरे वापत ग्रीन टच इलेक्ट्रिक टेडर्सलाई रु.३,९८,०००। रकम भुक्तानी भएकोमा सो सामाग्रीहरुको दाखिला गरी आम्दानी वांधिएको नदेखिएको तथा भौचर नं.१४।२०८०।१२।७ वाटकल्प वृक्ष महिला वचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई टेवल, कुर्चि लगायतका फर्निचर सामाग्रीहरु खरिद गरे वापत रु.२२,६००। रकम भुक्तानी भएकोमा सो सामाग्रीहरुको सम्वन्धित संस्थाले दाखिला गरी आम्दानी वांधिएको नदेखिएकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने रु.	४२००००
	वडा नं १४	
३३	**२९,६९।२०८०।११।१७, ०८१।३।२३** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) वमोजिम रकम भुक्तानी खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । विविध खर्च वापत मानसरोवर एण्ड रिसोर्ट प्रा.लि भवनीयापुरलाई खाना तथा कोठा भाडा वापत रु.६०,०३९। भुक्तानी भएकोमा सो खर्च रकमको प्रयोजनको नखुलाएकोले खर्च पुष्टि हुने प्रमाण संलग्न गर्नुपर्ने रु.	६००३९
३४	**८४।२०८१।३।२४** – आयकर ऐन, २०५८ को दफा ८८ (५) वमोजिम भाडा भुक्तानीमा दश प्रतिशतका दरले कर कट्टी तथा दाखिला हुनुपर्ने व्यवस्था रहेको छ । वडा सचिव श्री वामदेव शर्मालाई अवलोकन भ्रमण वापत विनियोजित वजेट रु.१,८१,०००। मध्येवाट रु.१,०३,०००। पेश्की उपलव्ध गराई कार्यक्रम सम्पन्न पश्चात रु.१,०५,०००। वरावर फर्स्योट गरेकोमा १० प्रतिशत भाडा कर दाखिला नभएकोले असूल गरी दाखिला गर्नुपर्ने रु.	१०५००
३५	**४५।२०८१।३।२४** – विद्युत तार र पोल मर्मत तथा गाड्ने कार्य गरेवापत शर्मा कन्ट्रक्सन नेपालगन्जलाईरु.८००००। भुक्तानीमा सो कार्यको प्राविधिक विल तथा कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले संलग्न गरी नियमित हुनुपर्ने रु.	८००००
३६	**४०।०८१।३।२३** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति सम्वन्धमा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता वमोजिमको काम सम्झौतामा तोकिए वमोजिमको म्यादमा सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नवढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने कानूनी व्यवस्था रहेको छ । वडा कार्यालय भवन निर्माणका लागि वि.ए निर्माण सेवासंग रु.८६०९६०। मा २०८१ वैशाख १० गते भित्र सम्पन्न गर्नेगरी सम्झौता भएकोमा २०८१ असार २३ गते कार्य सम्पन्न भई रकम भुक्तानी भएको देखिन्छ । सम्झौता वमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरि भुक्तानी भएकोले ७३ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति वापत रु. ३१,४२५। असूल हुनुपर्ने रु.	३१४२५
	वडा नं १५	
३७	**३१।२०८१।३।४** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) वमोजिम कार्यालयमा प्राप्त हुन आएको जिन्सी सामान सात दिन भित्र दाखिला गरी श्रेस्ता आद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । हनुमान सहकारी संस्थालाई वाटर पम्प १ थान, व्याट्री २ थान लगायतका सामाग्रीहरु रु.७०,४५०। वरावरको उपलव्ध गराएकोमा उक्त सामाग्रीहरुको हस्तान्तरण फाराम, दाखिला प्रतिवेदन संलग्न नभएकोले पेश हुनुपर्ने रु.	७०४५०
३८	**४३।२०८१।३।२१** - आयकर ऐन, २०५८ को दफा ८८ (१) भत्ता भुक्तानीमा पन्ध्र प्रतिशतका दरले रकम कट्टा गरी भुक्तानी हुनुपर्ने व्यवस्था रहेको छ । आँखा शिविर कार्यक्रम संचालन गरे वापत नेपाल आँखा अस्पताललाई सेवा शुल्क वापत पारिश्रमिक रु.१९,९८०। मा १५ प्रतिशत अग्रिम कर रु.२९९७। कट्टी नभएकोले असूल हुनुपर्ने रु	२९९७
	वडा नं १६	
३९	**४।२०८०।७।२४** - लतासिंह समेत ५ जना सरसफाई कर्मिहरुलाई रु. २७८१६६। रकम भुक्तानीमा सरसफाईकर्मि लतासिंहको १०६ दिनको ६१०। का दरले रु. ६४६६०। भुक्तानी हुनुपर्नेमा रु.६२६। का दरले रु. ६६३५६। भुक्तानी भएकोले वढि भुक्तानी असूल हुनुपर्ने रु.	१६९६
४०	**९९।२०८१।३।२३** – कार्यालयका कर्मचारी सहायक पाँचौ श्री सलाउदिन अन्सारीलाई ३० दिने सिलाई कटाई तालिमका लागि रु. ३०००००। भुक्तानी भएकोमा रु.२,९५,१४३। को मात्र खर्चको विल भरपाई पेश भएकोले वढि भुक्तानी भएको असूल हुनुपर्ने रु.	४८५१

४१	**प्रशिक्षक पारिश्रमिक** - लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को अनुसूची- ५ अन्तर्गत सि.नं ३(ख१) मा ३० कार्यदिन सम्म प्रतिदिन मुख्य प्रशिक्षकलाई रु. १४००।उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । मुख्य प्रशिक्षक श्री जुवेदा खातुनलाई ३० दिनको पारिश्रमिक वापत रु. ४५०००। रकम भुक्तानी भएकोले वढि भुक्तानी असूल गर्नुपर्ने रु.	३०००
४२	**१००।२०८१।३।२३** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) वमोजिम रकम भुक्तानी खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयका कर्मचारी सहायक पाँचौ श्री सलाउदिन अन्सारिलाई ज्येष्ठ नागरिक सम्मान कार्यक्रममा वितरणका लागि ४२५ थान गम्छा र ४२५ थान सुपानेट झुल खरिद लागि रु.१,४४,४९४। भुक्तानी गरिएकोमा सम्वन्धित लाभग्राहि नागरिकहरुले सो सामाग्री वुझेको भरपाई संलग्न नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.	१४४४९४
४३	**१०१।२०८१।३।२३** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) वमोजिम रकम भुक्तानी खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयका कर्मचारी सहायक पाँचौ सलाउदिन अन्सारीलाई अवलोकन भ्रमण वापत रु. २,३६,८८९। भुक्तानी भएकोमा भ्रमण प्रतिवेदन, सहभागी विवरण, भाडा प्रयोजनको लागि प्रयोग भएको सवारीधनि संग भएको सम्झौता पत्र तथा अवलोकन गरिएको स्थानहरुको फोटो समेत संलग्न पेश नभएकोले खर्च पुष्टि हुन सकेन अत: उक्त प्रमाण पेश गर्नुपर्ने रु.	२३६८८९
४४	**२७।२०८१।३।१०** – आयकर ऐन, २०५८ को दफा ८८ (५) वमोजिम भाडा भुक्तानीमा दश प्रतिशतका दरले कर कट्टी तथा दाखिला हुनुपर्ने व्यवस्था रहेको छ । सिमा प्रहरी चौकी देखि जामा मस्जिद, शिव मन्दिर हुंदै पाडे गैरी सम्म नाला माथि ढक्कन निर्माण गरे वापत पहिलो रनिङ्ग विल संलग्न गरी अन्सारी उपभोक्ता समिति जयसपुरलाई रु.८,३०,९०८। भुक्तानीमा सामाग्री ढुवानी वापत रु.६९,२००। को १० प्रतिशत वहाल रु.६,९२०। दाखिला गर्नुपर्नेमा रु.४८०। कर मात्र दाखिला भएकोले वांकी कर असूल गरी दाखिला गर्नुपर्ने रु.	६४४०
	वडा नं १७	
४५	**९१।२०८१।३।१०** - आयकर ऐन, २०५८ को दफा ८८ (५) वमोजिम भाडा भुक्तानीमा दश प्रतिशतका दरले कर कट्टी तथा दाखिला हुनुपर्ने व्यवस्था रहेको छ । सामाजिक सुरक्षा तथा घटना दर्ता व्यवस्थापन कार्यक्रमका लागि रु. ५०२००। भुक्तानी भएको देखिन्छ । भुक्तानीका लागि पेश भएको राजु टेण्ट हाउसलाई सामान भाडामा लिए वापत रु. २८०००। भुक्तानिमा १० प्रतिशत वहाल कर रु. २८००। कट्टी गर्नुपर्नेमा रु. ४२०। मात्र दाखिला भएकोले वांकी असूल गर्नुपर्ने रु.	२३८०
४६	**३८।२०८१।३।२२** – मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का सम्झौता वा करार अन्तर्गतको कार्यमा सो वापतको रकम सम्वन्धीत ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी हुने करको ३० प्रतिशतले हुन आउने रकम निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरी वांकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सरसफाई कार्यका लागि ट्याक्टर खरिद गरे वापत न्यू रिहान इन्जिनियरिङ्ग उद्योग नेपालगन्जलाई रु.२,१०,०००। भुक्तानीमा मुल्य अभिवृद्धि कर रु.२४,१५९। को ३० प्रतिशतले हुने रु.७,२४८। दाखिला गर्नुपर्नेमा दाखिला नभएकोले मुल्य अभिवृद्धि कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने रु.	७२४८
४७	**धरौटि कट्टि** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) मा विल वा विजकको भुक्तानी गर्दा धरौटी वापत रनिङ्ग वा अन्य विल वा विजकमा उल्लिखित रकमको ५ प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था गरेको छ । निम्नानुसारका उपभोक्ता समितिको सम्झौतामा धरौटी कट्टा गर्ने व्यवस्था भएकोमा कट्टी गरी भुक्तानी भएको नदेखिएकोले असुल हुनुपर्ने रु.	११३९११

सि नं	गो भौ नं र मिति	योजनाको नाम	करयोग्य रकम	धरौटी रकम
१	४५।२०८१।३।२३	थुकैला गाउंमा पि.सि.सि. तथा नाला निर्माण	५३३९१०	२६६९५।५०
२	४६।०८१।३।२३	माटो तथा ग्राभेल कार्य	३२६७००	१६३३५
३	४७।०८१।३।२३	ढोडे गाउंमापि.सि.सि. तथा नाला निर्माण	५१६९३७	२५८४६।८५
४	५२।०८१।३।२३	नदई गाउंमा पि.सि.सि. तथा नाला निर्माण	५३४९००	२६७४५
५	५३।०८१।३।२३	ढोडेगाउं हनुमान मन्दिर निर्माण	३६५७८७	१८२८९।३५
	जम्मा		**२२७८२३४**	**११३९११।७०**

	वडा नं १८	
४८	**१८७।२०८१।३।२२** - १० दिन व्युटिपार्लर तालिम र ७ अन्य विषयवस्तुको जानकारी दिनेगरी १७ दिन विहान १० वजे देखि दिउसो	२०००

	२ वजेसम्म कार्यक्रम संचालन भई रकम भुक्तानीमा प्रशिक्षक लक्ष्मी सापकोटाले प्रशिक्षण भत्ता वापतरु.३०,०००। र प्रतिवेदन लेखन वापत रु.२,०००। समेत वुझेको देखिन्छ । लुम्विनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को अनुसूची- ५ अन्तर्गत सि.नं १५ मा एउटै व्यक्तिले दोहोरो सुविधा नपाइने व्यवस्था भएकोले निजबाट प्रतिवेदन लेखन वापतको दोहोरो सुविधा असूल उपर गर्नुपर्ने रु.	
४९	**१९९।२०८१।३।२४** – किशोरीहरुलाई महिलाहरुको पाठेघरको क्यान्सर सम्वन्धी १ दिने सचेतना कार्यक्रममा ६० जना सहभागिता सहित सशक्त महिला सेल नेपालगन्जले कार्यक्रम सम्पन्न भई रु. ५८१३१। भुक्तानी भएकोमा कार्यक्रममा चिकित्सक राहुल कुर्मिलाई १ दिनको रु. १०,०००। भुक्तानी भएको देखिन्छ । जिल्ला दररेट २०८०।८१ को वमोजिम प्रतिविज्ञ प्रतिदिन रु.३,६४०। भुक्तानी गर्न सकिने व्यवस्था भएकोमा निजलाई दररेट भन्दा वढी भुक्तानी भएको असूल गर्नुपर्ने रु	६३६०
५०	**६५।२०८१।३।२३** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (४) मा विल वा विजकको भुक्तानी गर्दा धरौटी वापत रनिङ्ग वा अन्य विल वा विजकमा उल्लिखित रकमको ५ प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । वडा भित्रका विभिन्न स्थानमा माटो पटान तथा ग्राभेल कार्यका लागि वर्मा व्रदर्श कन्ट्रक्सन प्रा.लि लाई रु.९,६९,९२७। रकम भुक्तानीमा नियमानुसार धरौटी रकम रु.४२,९१६। कट्टी नगरी भुक्तानी भएकोले प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.	४२९१६
५१	**९३।२०१।२।२२** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) वमोजिम कार्यालयमा प्राप्त हुन आएको जिन्सी सामान सात दिन भित्र दाखिला गरी श्रेस्ता आद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । श्री राष्ट्रिय मा.वि कण्ठीपुरलाई कार्पेट लगायत विभिन्न सामाग्रीहरु खरिद गरे वापत रु. ७४९२१। भुक्तानीमा सम्वन्धित विद्यालयले दाखिला गरी आम्दानी जनाएको नदेखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.	७४९२१
५२	**१५२।२०८१।३।१९** – लुम्विनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को अनुसूची ५ अन्तर्गत सि.नं ४(ख) मा अन्य तालिममा प्रति कार्यपत्र वापत रु. १५००।र प्रति कक्षा संचालन वापत रु.१०००। उपलव्ध गराउन सक्ने कानूनी प्रावधान रहेको छ । नगरस्तरीय अपाङ्गता संजाललाई अपाङ्गता सम्वन्धि कार्यक्रममा रु.५०,०००। रकम भुक्तानीमा प्रशिक्षकलाई ३ वटा कक्षा संचालन गरे वापत रु.४,५००। भुक्तानी भएकोमा कार्यपत्र संलग्न भएको नदेखिएकोले वढि भुक्तानी भएको असूल हुनुपर्ने रु.	१५००
५३	**१९।२०८०।११।२१** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) मा विल वा विजकको भुक्तानी गर्दा धरौटी वापत रनिङ्ग वा अन्य विल वा विजकमा उल्लिखित रकमको ५ प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था रहेको छ । वडा कार्यालयको व्यवस्थापन सम्वन्धि कार्यका लागि प्रशान्त निर्माण सेवालाई रु.३,३६,००४। रकम भुक्तानीमा नियमानुसार धरौटी रकम रु.१४,८६८। कट्टी नगरी भुक्तानी भएकोले नियमित नदेखिएको रु.	१४८६८
	वडा नं २०	
५४	**१५२।२०८१।३।२२** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (४) मा विल वा विजकको भुक्तानी गर्दा धरौटी वापत रनिङ्ग वा अन्य विल वा विजकमा उल्लिखित रकमको ५ प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । नटनपुर वाटो पि.सि.सि. निर्माण कार्यका लागि ए.पि निर्माण सेवालाई करयोग्य रु. ४०९५४६। भुक्तानीमा नियमानुसार धरौटी रु. २०४७७। कट्टी नगरी भुक्तानी भएकोले आवश्यक प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.	२०४७७
	वडा नं २१	
५५	**३१।२०८१।३।२३** - मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का सम्झौता वा करार अन्तर्गतको कार्यमा सो वापतको रकम सम्वन्धीत ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी हुने करको ३० प्रतिशतले हुन आउने रकम निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरी वांकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था छ । झगपुरमा नाली, माटो पटान र ग्राभेल कार्य गरेवापत ध्रुवतारा निर्माण सेवालाई रु. १८८०००। खर्च अभिलेखमा भएकोमा सम्वन्धित निर्माण कम्पनिवाट मूल्य अभिवृद्धि करको ३० प्रतिशतले हुने रु. ६४७५। कट्टी नभएकोले उक्त कर मिलान भएको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.	६४७५
५६	**८६।२०८१।३।११** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) वमोजिम कार्यालयमा प्राप्त हुन आएको जिन्सी सामान सात दिन भित्र दाखिला गरी श्रेस्ता आद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । वडा कार्यालयवाट फर्निचर तथा फर्निसिङ्ग सामाग्रीहरु रु. ९८३१०। खरिद गरी भुक्तानी अभिलेख देखिन्छ । सो सामाग्रीहरु कसलाई वुझाएको हो सो सम्वन्धमा दाखिला प्रदिवेदन तथा हस्तान्तरण फाराम समेत संलग्न गरी नियमित गर्नुपर्ने रु.	९८३१०

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **५८८,५०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **४,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **२५,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	३५,११,८५२

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : नेपालगञ्ज उप महानगरपालिका , नेपालगञ्ज उप-महानगरपालिका , बाँके

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	शिव प्रसाद रिजाल	२०७९-५-१७	२०८०-५-१८
कार्यालय प्रमुख	रामहरि शर्मा	२०८२-१-२६	हाल सम्म कार्यरत
लेखा प्रमुख	राजन कुमार के.सी.	२०७९-८-१३	२०८०-१०-४

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२५,९३२,२७३.७६	३४,९९५,७३४	३०,०३०,१०१	०	०	८,१४४,३९९.०२
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	९९,१०२,५०७.७८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	११,८०५,३०२.६
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	८७,२९७,२०५.१८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४१६५३८३६७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	७७७५२१५७४	चालु खर्च	१०००५९७२६२
प्रदेश सरकारबाट अनुदान	५३१६०१९०	पूँजीगत खर्च	४३१४४७३१९
राजश्व बाँडफाँट	३१२६९५८८३	वित्तीय/अन्य व्यवस्था	५१९५९७७९६
आन्तरिक आय	२१५९२७१७३		
अन्य आय	५०८३२७८३१		
कुल आय	१८६७६३२६५१	कुल खर्च	१९५१६४२३७७
बाँकी मौज्दात		३३२५२८६४१	

अनुसूची - २

बेरूजु दफा ५१.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

वडाको विभिन्न खर्चको अवस्था

वडा नं	धार्मिक पर्व/ आर्थिक सहायता	जेष्ठ नागरिक सम्मान	अवलोकन भ्रमण	गैर सरकारी संस्था मार्फत कार्य/तालिम	सडक बत्ती	अनुगमन भत्ता	नाला सरसफाइ
पालिका							
१	०	०	०	०	४५७७४३	०	
२			२६०७४०	५०००००	५२५०००		२९७२४०
३			२०००००	१९८०००	३९७९७९		
४			२०००००		७४९८३६		१०२९३१
५		९५८५०	१४१६०७	२९८०००	४८९०२०		१२१५०००
६		४९९४६			३९७८४४		२९३१३२
७							
८							
९	५००००	९१८३२	१०००००		२८८२५१		
१०		९९८९०			५९४९४९		
११							
१२			३०००००		७९८८४५		
१३		१९९५००			३९४६०२		
१४	६००००	९९३२७		२०००००	३९३०००	७००००	
१५		१५००००	२५००००		४०००००		
१६		१४४४९४	२३६८८९	३०००००	४८४९७०		
१७	१११०५०	१०९२६०			७३०२६४		
१८		१०००००			६९८७३५		
१९		१०००००			४९७०१६		३०००००

२०							
२१		१०००००			४९१४५०		
२२		८००००			१९७०८९		
२३							
	२२१०५०	१४२००९९	१६८९२३६	१४९६०००	८९८६५९३	७००००	२२०८३०३

बेरूजु दफा ५२ सँग सम्बन्धित विवरण - अनुसूची -४

वडाहरुको चालु खर्च अवस्था

वडा नं.	विविध खर्च	कार्यालय सामान	इन्धन	मर्मत	संचार	करार कर्मचारी	कूल चालु खर्च
१	९९९९९	२५२१३०	१९९७८५	0	४७११८		५२७८९७५
२	१५११६९	१९१०००	१७९९९९	४९९६०	१९११	१०९७८८०	५४०६४५९
३	२०००००	१७८४१६	१६००००		३९९७५	११०३१९७	४४६२२३६
४	३३४०५८	९९९३८	११७३६३	७९८९३	२७५३६		३९४३७१०
५	२८०४४२	१९९१०२	१४७०६१	९९१२५	३२९०४	१२१५०००	४३९४६६०
६	२९९९९९	२४९६०३	१५७११५	२५००००	१५०००	२५०७१२	२०४०००
७	५०९५३७	१९९८७५	११२४५८	१९८४६८	२२०८७		३५१५८२३
८	३४७५१३	१५७६१८	३९२२७३	९६९७५	४१८७२		४९२९०४६
९	२२५८५५	२४८८०३	६६०५५	२७९४९३	२०९८३		२३६२२२३
१०	३०५६२७	२०३३८३	१२९९४०	१३५७६५	७००००	१८४३६७	२७१९३२९
११	१९८७१२	१७४३८६	९९७०२	१७१०८०	९५००		२८८५३४७
१२	५२४३६१	२५०००	१७६२७८	९२३००	४९२९९		४७४२३८१
१३	२५५५५५	१४८९३८	१४९९९२	२०२८३५	१४५००	४९६६३६	३१३१७३५
१४	२७२५२५	१९७०२१	८७९६३	१५००००	३००००		२८१०४४१
१५	२७०७४८	१९३३००	११८११५	१९७१५०	३९३२३		३०८५९६१
१६	२९७२७५	२०००००	१२४५८८	१६८४५०	१४९८३		३१९२०७७
१७	४५४९०४	८००००	१२४७०९	३३५८०२	१४९८०		२६०७६६३
१८	१९६०००	२४९३०१	३४००००	१३४९७९	३४६७३	६४१७००	३९८३७४१
१९	५४५५९९	२४९४७९	२५०५९१	५१८४०१	१४५००	१३३८०००	४२१८०५५
२०	३७८३२९	३३५०००	१९९९९३	३९१८०२	२५५१०		५८०५८९३
२१	२७६१२०	१९८८००	१४४५७०	२९३७३०	४८५६०		२९०८२९७
२२	९४३२२	६६६९८	१०४६५६	११९७००	२४४८३		१६०३६६०
२३	२७६०००	१४६४०६	११००००	१०००००	२६५८६		२३९६८६९
	६७९४६४९	४२४४१९७	३६९३२०७	४०६५९०८	६६६२८३	६३२७४९२	८०५८८५८२.२३

सुझाव

उप-महानगरपालिकाद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्रीहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका जिन्सी मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- कार्यसम्पन्न भइसकेका शीतभण्डार प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग भएको नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन व्यापारिक भवन निर्माण सम्पन्न गरि सञ्चालनमा ल्याउनुपर्दछ ।